श्री ....बचत तथा ऋण सहकारी संस्था लि.
को
(विनियम २०६४) संसोधन सहित पुनर्लेखन-२०८२

श्री .... बचत तथा ऋण सहकारी संस्था लि. संचालन गर्न वनेको विनियम

प्रस्तावना

अन्तर्राष्ट्रिय सहकारीका सिद्धान्त, मूल्य, मान्यताका आधारमा सदस्यमा छरिएर रहेको स्रोत र साधनलाई एकीकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक सहकारी संस्थाको गठन गरी सञ्चालन गर्न आवश्यक भएकोले सदस्यमा आधारित भई सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालय, सुनसरीबाट द.नं. ८/०६४/०६५ मिति २०६४ साउन ३१ गते दर्ता भएको **श्री .... बचत तथा ऋण सहकारी संस्था लि.** .... **मधेली, सुनसरी** कार्यालय रहने गरी संस्था स्थापना गरी सञ्चालनमा रहेको छ ।

संस्था अझ सवल मजबुद बनाई सदस्यहरुलाई थप वित्तिय सेवा सुविधा प्रदान गर्न एक सशक्त वित्तीय सहकारी संस्था सञ्चालन गर्न सहकारीको मर्म र भावना अनुसार आफ्नो कार्यक्षेत्र भित्र रहेका सदस्यहरूको बीचमा रहेको दोहोरो सदस्यता हटाइ उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक उन्नयनका लागि स्वावलम्बन, पारस्परिकता र सहकारिताको साझा बन्धन भित्र रही आधुनिक प्रविधिको प्रयोगबाट उत्कृष्ट सेवा दिई व्यावसायिक रुपमा सञ्चालन गर्नका लागि प्रदेश सहकारी ऐन, २०७६ को दफा **२६** को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी **श्री .... बचत तथा ऋण सहकारी संस्था**

लि.को (बिनियम २०६४) विनियमलाई संशोधन सहित पुर्नलेखन गरी संस्था सञ्चालनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले यो विनियम तयार पारिएको हो ।

परिच्छेद : १ (एक)

प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(क) यस विनियमको नाम **श्री ....बचत तथा ऋण सहकारी संस्था लि.** को (विनियम २०६४) संशोधन सहित पुनर्लेखन विनियम २०८२ रहेको छ ।

(ख) यो विनियम कोशी प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट स्वीकृत भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>संस्थाको नाम र ठेगाना</u> :**

(क) संस्थाको नामः **श्री .... बचत तथा ऋण सहकारी संस्था लिमिटेड** रहनेछ । अंग्रेजीमा ============== saving and Credit Co-operative Society Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगानाः- संस्थाको कार्यालय सुनसरी जिल्ला, गढी गाँउपालिका वडा नं. १, मधेली, सुनसरीमा रहनेछ ।

(ग) प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिनेछ । संस्थाका बढी सदस्यहरुलाई पायक पर्ने ठाउँमा कार्यालय राखिनेछ ।

(घ) कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको भवन प्रयोग गरिनेछैन ।

(ङ.) ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु एवं प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सुनसरी र सम्बन्धित सरकारी कार्यालय तथा सहकारीका संघहरुमा दिइनेछ ।

(च) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको सहज पहूँच हुने र देखिने स्थानमा राखिने छ ।

(छ) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि फोन, इमेल, फ्याक्स, पोष्ट बक्स आदि उल्लेख गरिनेछ । सहकारीको साइनबोर्डमा एक रुपता ल्याउनका लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइनबोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिनेछ ।

(ज) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बद्ध सबै सरकारी निकाय तथा सहकारीका संघहरुमा गराइनेछ ।

(झ) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सूसुचित गरिनेछ :-

(१) संस्थाको प्रमुख कारोवार ।

(२) कुल सदस्य संख्याः ।

(३) कारोवारको विवरणः - यस अन्तर्गत कुल संकलित शेयर पुँजी, कुल निक्षेप संकलन,

कुल लगानी, र कारोवारबाट भएको लाभांश उल्लेख गरिनेछ । यस्तो विवरण लेखा परीक्षण गरेको गत आर्थिक बर्षको स्रेस्ता आधारमा राखिनेछ ।

(४) लिने दिने ब्याज दर ।

(५) संचालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

३. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा

(क) "ऐन" भन्नाले सहकारी ऐन २०७४ र कोशी प्रदेश को सहकारी ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ र कोशी प्रदेशको सहकारी नियमावली, २०७६ सम्झनु पर्दछ ।

(ग) "दर्ता गर्ने अधिकारी" भन्नाले कोशी प्रदेशको सहकारी ऐन २०७६ को दफा १३ अनुसार तोकिएको दर्ता गर्ने अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारी समेतलाई सम्झनु पर्दछ ।

(घ) "संस्था" भन्नाले **श्री .... बचत तथा ऋण सहकारी संस्था लि.लाई** सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले **श्री .... बचत तथा ऋण सहकारी संस्था लि.**को विनियम २०८२ सम्झनु पर्दछ ।

(च) "सदस्य" भन्नाले संस्थाको शेयर खरीद गरी यस विनियम बमोजिमको सदस्यको दायित्व निर्वाह गर्न तयार सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "साधारण सभा" भन्नाले वार्षिक साधारण सभालाई सम्झनु पर्दछ ।

(ज) "प्रारम्भिक साधारण सभा" भन्नाले संस्था दर्ता भएको मितिले ३ महिनाभित्र सम्पन्न गर्नुपर्ने सभालाई सम्झनु पर्नेछ ।

(झ) "विशेष साधारणसभा" भन्नाले यस ऐनको दफा **२७** बमोजिम हुने साधारण सभालाई सम्झनु पर्नेछ ।

(ञ) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(ट) "संचालक"भन्नाले यस विनियम बमोजिम गठित समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, एवंम समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ठ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले संस्थाको लेखा सुपरिवेक्षण समिति संयोजक र सदस्यलाई जनाउने छ ।

(ड) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ढ) "शेयर" भन्नाले संस्थाको चुक्ता शेयर पुँजीलाई सम्झनु पर्दछ ।

(ण) "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(त) "बचत परिचालन" भन्नाले सदस्यहरुवाट संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ ।

(थ) "बचत निक्षेप" भन्नाले सदस्यहरुले पूर्व निर्धारित दरमा व्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(द) "ऋण" भन्नाले संस्थाले विनियमको अधिनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम थप समेत गरी फिर्ता वुझाउने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम समेत थप गरी फिर्ता वुझाउने गरी ऐनको दफा

५२ को अधिनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ ।

(ध) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ

(न) “पुँजीकोष” भन्नाले सहकारी संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योगलाई सम्झनु पर्दछ र सो शब्दले प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय तथा सहकारी विभागले समय समयमा पुँजीकोष भनी तोकेको अन्य कोषलाई समेत जनाउने छ ।

(प) “प्राथमिक पुँजीकोष” भन्नाले संस्थाको शेयर पुँजी, जगेडा कोष रकमलाई सम्झनुपर्दछ ।

(फ) “पूरक पुँजीकोष” भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, कर्जा जोखिम कोष तथा बाँडफाँड नगरेको मुनाफालाई समेत सम्झनु पर्दछ ।

(ब) “विशेष जिम्मेवारी” भन्नाले विनियमको दफा ४३ बमोजिम सुम्पिएको जिम्मेवारी सम्झनु पर्छ ।

(भ) “मुख्य कार्य” भन्नाले बचत तथा ऋण सहकारी संस्थाले वित्तिय कारोबार लगायत स्वीकृत व्यवसायिक योजना अनुसार आर्थिक विकास गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(म) “राष्ट्रिय सहकारी नियमन प्राधिकरण” भन्नाले संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन प्राधिकरण सम्झनुपर्दछ ।

(य) “आन्तरीक कार्यविधि” भन्नाले संस्थाले आफ्ना कामलाई व्यवस्थित बनाउन, ऐन, नियमावली र विनियम बमोजिम बनाएको आन्तरिक कार्यविधिहरुलाई सम्झिनु पर्दछ ।

(र) “नियामक निकाय” भन्नाले यस विनियममा सहकारी मन्त्रालय, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयलाई सम्झनु पर्दछ ।

(ल) “शुद्ध बचत” भन्नाले एक आर्थिक वर्षभित्र संस्थाले आम्दानी गरी खर्च घटाएर बाँकी रहेको रकमलाई सम्झनु पर्दछ ।

(व) “संस्थागत पूँजी” भन्नाले संस्थाको रहेको जगेडाकोष, घाटापूर्ति कोषको योगफललाई सम्झनु पर्दछ ।

(श) “सेवाकेन्द्र” भन्नाले सहकारी संस्थाको सेवालाई विकेन्द्रित गरि सदस्यको घरदैलो सम्म पुऱ्याउन खोलिएको संस्थाको शाखा कार्यालयलाई सम्झनु पर्दछ ।

(ष) “विद्युतीय सूचना प्रणाली” भन्नाले संस्थाको वित्तीय सूचना प्रणालीलाई अद्यावधिक बनाउन प्रयोग गरिने लेखाप्रणालीमा प्रयोग हुने सफ्टवेयर, सरकारले स्वीकृत गरेको एकीकृत सूचना प्रणाली,सम्पत्ति शुद्धिकरणको सूचना प्रणाली तथा सहकारी क्षेत्रमा सरकारले प्रयोगमा ल्याएका सूचना प्रणालीलाई सम्झनु पर्दछ ।

(स) “सहकारी मूल्य” भन्नाले आधारका मूल्यहरुमा स्वाबलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता तथा नैतिक मूल्यहरुमा इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल अन्तराष्ट्रीय मान्यता प्राप्त सहकारी सम्बन्धी मुल्य सम्झनु पर्दछ ।

(ह) “कर्जा सूचना केन्द्र” भन्नाले कम्पनी ऐन २०६३ अर्न्तगत स्थापना भएको नेपाल राष्ट्र बैंक २०५८ को दफा ८८ र नेपाल राष्ट्र बैंक कर्जा सूचना नियमावली २०५९ को विनियम ३ ले तोकेको कर्जा सूचना केन्द्र सम्झनु पर्दछ ।

(क्ष) “ठुलो कारोबार गर्न संस्था” भन्नाले पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुरुप २५ करोड रुपैयाभन्दा बढी बचत रहेको वा ऋण बक्यौता रहेको संस्था सम्झनुपर्दछ ।

(त्र) “निक्षेप तथा कर्जा सुरक्षण” भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ को दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्दछ ।

३.क. <u>सहकारी संघ वा संस्था संगठित संस्था हुनेः</u>

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

(६) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद : २ (दुई)
संस्थाको उद्देश्य, कार्य, कार्यक्षेत्र

४. **<u>उद्देश्य</u> :**

ऐनको दफा २२ बमोजिम सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :

(१) संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गरी सो बचतलाई उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने ।

(२) आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग समन्वयात्मक भावना राख्ने ।

(3) नियमित बचत गर्ने बानीको विकास गरी सो बचतलाई उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गर्ने ।

(४) सदस्यहरुको **सामुहिक विकासको** अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य संचालनका लागि चल अचल सम्पत्ति आर्जन गर्ने, ऋय विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धक राख्ने **जस्ता कार्यहरु गरी सदस्यको हित प्रवर्द्धन गर्ने ।**

(५) सदस्यहरुको क्षमता विकासका लागि विभिन्न **प्रकारका** समय सापेक्ष सीप विकास तथा उद्यमशिलता तालिम, गोष्ठी, सेमिनार, शिक्षा तथा स्वास्थ्य शिविर संचालन गर्ने ।

(६) आर्थिक तथा सामाजिक रुपले पछाडी परेका व्यक्ति वा समूहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुर्याउने ।

(७) सदस्यहरुको आर्थिक कारोबारमा सहयोग पुर्याउने उद्देश्यले रेमिटान्स (विप्रेषण) सेवाहरु सम्बन्धीत निकायको स्वीकृती लिएर सञ्चालन गर्ने ।

(८) बैंक, वित्तीय संघ/संस्था तथा छाता संघ/संगठनबाट ऋण लिने **र** तरलता **लगायत** वित्तीय व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्था र छाता संघ/संगठनहरुसँग सहकार्य गर्ने ।

(९) संस्था विकासका लागि आय आर्जन सम्बन्धी योजनाहरु **निर्माण गरी** संचालन गर्ने ।

(१०) प्रचलित कानून बमोजिम संस्थाले उपभोग गर्न पाउने छुट तथा सहुलियत सुविधाहरुको उपभोग गर्ने ।

(११) सदस्यहरुको मागका आधारमा लघुबिमा कार्यक्रम संचालन गर्ने तथा समुदाय, संस्था, सदस्य र व्यवसायको सुरक्षणका लागी बिमा सम्बन्धी कार्य गर्ने ।

(१२) जिल्ला, प्रदेश तथा केन्द्रिय **संघ /** छातासंघको सदस्यता प्राप्त गर्ने ।

उपरोक्त उदेश्य प्राप्तीका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति वा पूर्व स्वीकृती लिनु पर्ने भएमा अनुमति वा पूर्व स्वीकृती लिई व्यवसायीक कार्ययोजना बनाएर मात्र संचालन गर्नुपर्नेछ ।

५. कार्यहरु : प्रदेश सहकारी ऐन २०७६ को दफा २३ बमोजिम संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछ :

(१) सदस्यहरुबाट स्वीकृत कार्यविधि अनुसार बचत संकलन गर्ने ।

(२) सदस्यहरुलाई स्वीकृत कार्यविधि अनुसार ऋण लगानी गर्ने ।

(३) प्रदेश सहकारी ऐन २०७६ वमोजिम संस्थाको शेयर विक्री गर्ने

(४) सहकारी ऐन, नियमावली र विनियमको अधिनमा रही अन्य संघ–संस्था, बैंक वित्तीय संस्थाबाट थोक कर्जा लिने,आवश्यकता र औचित्यका आधारमा सदस्यहरुलाई कर्जा दिने ।

(५) सहकारी वारे सदस्यहरुलाई चेतना जगाउने क्रियाकलाप संचालन गर्ने ।

(६) सदस्यहरुलाई सीपमूलक तालिमको अवसर प्रदान गरी व्यवसायिक सीप अभिवृद्धि गर्ने ।

(७) शिक्षा, स्वास्थ्य, आवास, यातायात, कृषि, उद्योग, ब्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्बन्धी काममा सदस्यहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा ऋण प्रवाह गर्ने ।

(८) **रेमिट्यान्स सम्बन्धी कार्य गर्ने ।**

(९) सदस्यहरुलाई सूचना प्रवाह गरी व्यवसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

(१०) आफ्ना सदस्यहरुलाई सानातिना जोखिमबाट बचाउ गर्न सदस्यहरुको सामूहिक सहयोग उपलब्ध गराउन संस्थागत प्रबन्ध गर्ने ।

(११) कारोवारको लाभांशबाट केही अंश छुट्याई सदस्यहरु एवंम तिनका परिवारका सदस्यहरुलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्ने ।

(१२) सदस्यहरुको मागका आधारमा संस्था आफै एजेन्सी भै लघुबिमा कार्यक्रम सञ्चालन गर्ने तथा समुदाय, संस्था, सदस्य र व्यवसायको सुरक्षणका लागी बिमा सम्बन्धी कार्य गर्ने ।

(१३) संस्थालाई आवश्यक पर्ने भवन निर्माणका लागि जग्गा खरिद गर्ने र आवश्यक नपरेमा विक्री गर्ने ।

(१४) विनियममा व्यवस्था भएका विविध कोषहरुको प्रभावकारी ढंगले उपयोग गर्ने ।

(१५) विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायबाट सहायता र अनुदान स्वीकृति लिई प्राप्त गर्ने ।

माथि उल्लेखित कार्य गर्न प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट स्वीकृति लिनुपर्ने वा सम्झौता गर्नु पर्ने भएमा सो गरी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयलाई जानकारी गराए पछि मात्र कार्य संचालन गरिनेछ ।

६. <u>कार्यक्षेत्र</u>ः

यस संस्थाको कार्यक्षेत्र ऐनको दफा १६ बमोजिम सुनसरी जिल्लाको इटहरी उप-महानगरपालिका वडा नं. १०, ११, १२, १३, १४, १५ र १६ र गढी गाँउपालिका वडा नं.१ नम्बर वडाहरुभित्र मात्र रहनेछ ।

परिच्छेद : ३ (तीन)
<u>सदस्यता</u>

७. **संस्थाको <u>सदस्यता</u>** : देहायका व्यक्तिहरु संस्थाका सदस्य हुनेछन् :

(क) संस्था दर्ताका समयमा रजिष्ट्रार समक्ष निवेदन दिने व्यक्तिहरु,

(ख) संस्था दर्ता भै सकेपछि सदस्यता प्राप्त गर्ने व्यक्तिहरु,

(ग) संस्था एकीकरण हुँदा संगठित भएका सहकारी संस्थाका सदस्यहरु,

(घ) दफा ८ को उपदफा २ ले व्यवस्था गरेका गैह्रनाफामूलक सहकारी तथा गैरसरकारी निकायका संघ संस्थाहरु,

(ङ) एक व्यक्ति एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थामा सदस्य नभएको,

स्पष्टीकरण : संघ संस्था सदस्य भएर आउँदा एक संस्था एकमत र प्रतिनिधित्व गर्दा यस संस्थाको सदस्य नभएको व्यक्तिलाई त्यस्ता संस्थाले अधिकारिक प्रतिनिधि तोकी पठाइएको व्यक्ति संस्थाको प्रतिनिधि हुनेछ ।

८. **<u>सदस्यताको योग्यता</u>** :

उपरोक्त बमोजिम निश्चित भौगालिक क्षेत्रभित्र बसोबास गर्ने एकै उद्देश्यबाट संगठित सोही संगठनमा आबद्ध रहेका, संस्थाको कार्यक्रममा सरिक रही साधारण सभाबाट पारित कार्यविधिअनुरुप आय-आर्जन गरेको रकमबाट नियमित रुपले बचत गर्न चाहने वा आवश्यकता अनुसार ऋण लिई आफ्नो परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था सुधार गरी जीवनस्तर माथि उठाउने उद्देश्य लिने र संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने निर्धारित योग्यता पुगेका इच्छुक देहायका व्यक्तिले विनियमको अधिनमा रही सदस्यता प्राप्त गर्न सक्नेछन् :-

१) सोह्र वर्ष उमेर पुरा गरेका देहाय बमोजिमका योग्यता पुरा गरेका नेपाली नागरिकहरु संस्थाका सदस्य हुन सक्नेछन् ।

क) संस्थाको कार्यक्षेत्रमा बसोबास गरिरहेको,

ख) संस्थाको कम्तिमा एक कित्ता शेयर खरिद गरेको,

ग) संस्थाको विनियममा उल्लेखित सर्तहरुको पालना गर्न मञ्जुर गरेको,

घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर गरेको,

ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी त्यस्तै कारोवार नगरेको,

च) कुनै फौज्दारी अभियोग वा कसुरमा अदालतबाट दोषी करार भै तीन वर्ष अघि नै भुक्तान भएको,

छ) मानसिक सन्तुलन नगुमाएको,

ज) संस्थाको सेवा उपयोग गर्ने र संस्थालाई सहयोग पुऱ्याउने ।

२) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लव, स्थानीय तहमा गठन भएका गैह्रनाफामुलक संस्था,उत्पादन र सेवामूलक संघ/संस्था र उपभोक्ता समूहहरु संस्थाको सदस्य बन्न बाधा पर्नेछैन ।

३) यस विनियममा लेखिएका कुनै कुराले सदस्यको सन्तानको नाममा खोलिने बाल वचत खाता संचालन गर्न बाधा पर्नेछैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा योग्यता नपुगेको मानिनेछ ।

९. सदस्यताको लागि निवेदन, प्राप्तिको प्रकृया :

विनियमको दफा ८ अनुसारको योग्यता पुगेको व्यक्तिले अनुसुची ५ बमोजिमको ढाँचामा निवेदन स्वीकार भएको अवस्थामा सदस्य प्राप्तिको प्रकृया देहाय बमोजिम अघि वढाइनेछ ।

१) यसरी प्राप्त भएको निवेदन ३० दिनभित्र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गराइनेछ ।

२) ७ दिनभित्र निवेदन अस्वीकृत भएका व्यक्तिलाई त्यसको सूचना उपलव्ध गराइनेछ ।

१०. सदस्यताको अन्त्य :

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहनेछैन :

(क) मानसिक असन्तुलन भएमा ।

(ख) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा ।

(ग) विनियममा भएको व्यवस्था बमोजिम सदस्यताबाट निष्काशित भएमा ।

(घ) संस्था विघटन भएमा ।

(ङ) संस्थालाई हानी नोक्सानी हुने काम गरेको प्रमाणित भएमा ।

(च) नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा ।

(छ) लगातार वार्षिक साधारण सभामा विना सूचना ३ पटकसम्म अनुपस्थित भएमा सदस्यताको अन्त हुनेछ ।

(ज) विनियमको दफा ८ मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा ।

(झ) मृत्यु भएमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउने छैन ।

११. सदस्यताबाट निष्काशन :

(१) संचालक समितिले उप-समिति गठन गरी उप-समितिको प्रतिवेदन अनुसार छानविन गरी एवंम सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सकिनेछः-

(क) संस्थाको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा ।

(ख) संस्थाको स्वीकृत कार्यविधि नियम वर्खिलाप काम गरेमा ।

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरेमा ।

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

(ङ) विनियममा व्यवस्था भए बमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(च) लगातार ३ वर्षसम्म संस्थासँग बचत वा ऋण सम्बन्धि कुनै कारोबार नगरी बसेको अवस्थामा भएमा ।

(छ) लगातार ३ पटकसम्म विना सूचना साधारण सभामा अनुपस्थित भएमा ।

(ज) संस्था संचालनमा वित्तिय अनुशासन नरहेमा ।

(२) उपदफा (१) वमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि उप-समिति गठन गरी सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टिकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारणसभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. सदस्यताबाट राजीनामा :

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।
तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्ववाट छुट पाउने छैन ।

(३) संस्थाको कूल शेयर पुँजीको १० प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कम्तीमा १ महिना अगावै लिखित सूचना दिनुपर्नेछ ।

(४) सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषणका आधारमा शेयरको यथार्थ मूल्य मूल्याकन गरी शेयर रकम फिर्ता गरिनेछ ।

१३. पुनः सदस्यता :

(१) दफा १२ बमोजिम सदस्यतावाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्षपछि मात्र पुनः रितपूर्वक संस्थामा निवेदन दिएमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) सदस्यलाई कारवाही स्वरुप संस्थाबाट निश्कासन गरिएको सदस्यले भने पुनः सदस्यता प्राप्त गर्न सक्ने छैन ।

१४. सदस्यको काम, कर्तव्य र अधिकार :

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवंम समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा प्रश्न गर्ने ।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्बमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धीकरण को अभियानमा सक्रियता लिने ।

१५. सदस्यता खुल्ला रहने :

यस संस्थाको सदस्यता वर्षभरी नै खुल्ला रहनेछ । संस्थाको निर्वाचन हुने वर्षको साधारण सभाको मिति घोषणा भएको ३५ दिनभित्रमा सदस्यता प्राप्त गरेका सदस्यहरुलाई निर्वाचन प्रयोजनका लागि मताधिकारको प्रयोग गर्न पाउने छैनन् ।

१६. सदस्यता प्राप्ति, पुनःप्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने : यस संस्थाको सदस्यता प्राप्ति, पुनः प्राप्ति तथा राजीनामा स्वैच्छिक हुनेछ ।

परिच्छेद :– ४ (चार)
शेयर पूँजी

१७. शेयर पूँजी :

(१) संस्थाले सेवा सञ्चालनका लागि आवश्यक रकम यथासक्य विनियमले तोकिएको उद्देश्य प्राप्तिका लागि सदस्यताको सर्तस्वरुप र स्वेच्छाले खरिद गरेको शेयर बापतको पुँजीको रुपमा जुटाइनेछ ।

(२) संस्थाको कुल चुक्ता शेयर पूँजी रु २७,६७,५००।- हुनेछ । संस्थाबाट पुँजी संकलनका लागि कुल चुक्ता शेयर पुँजीको ५ गुणा नबढाई प्रति कित्ता १००।- का दरले शेयर जारी गरिनेछ । सो सिमा पुरा भएपछि नियामक कार्यालयको स्वीकृत लिएर पुनःशेयर पूँजी जारी गर्नु पर्नेछ ।

(३) संस्थाको कुल संकलित शेयर पूँजीको २० प्रतिशतमा नबढाई कुनै एक सदस्यले जतिसुकै पनि शेयर खरिद गर्न सक्नेछन् ।

(४) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी शेयर बिक्री गर्नेछैन ।

(५) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्नेछैन । तर सहकारीको सिद्धान्त बमोजिम सहकारी संस्थाहरु बीच आपसी सम्झौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम

संचालन गर्न विशिष्टिकृत सहकारी संघ गठन गरी नियमानुसारको शेयर खरिद गर्न वा संस्थाको हितका लागि आर्थिक कारोवार गर्न सकिनेछ ।

(६) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्नेछैन ।
तर, सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघहरुको शेयर खरिद गरी सहकारीको विकासमा योगदान पुर्‍याउनेछ ।

(७) समितिले संकलित पुँजीको आधारमा उपरोक्तानुसारको कुल पुँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी पुँजी बृद्धि गर्दै लान सक्नेछ । यसका लागि प्रदेश सहकारी रजिष्ट्रारको स्वीकृति लिइनेछ ।

(८) संस्थाका कम्तीमा एक शेयर खरिद नगरी वा शेयर सदस्य नवनी संस्थाको कुनै पनि कारोवारमा संलग्न हुनु हुँदैन ।

(९) सदस्यले संस्थामा कारोवार गर्दै जाँदा शेयर र ऋणको अनुपात कायम गर्ने प्रयोजन वा स्वेच्छाले पनि थप शेयर खरिद गर्न सक्नेछ ।

१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने :

(१) सहकारी संस्थाको शेयर सदस्य बन्न कम्तीमा १ कित्ता शेयर खरिद गर्नुपर्नेछ ।

(२) समितिले सदस्यहरुको दर्ता किताब अनुसूची-२ बमोजिमका कुराहरु उल्लेख हुने गरी खडा गर्नेछ । शेयर सदस्यहरुको स्थायी ठेगाना, पेशा, व्यवसाय, सम्पर्क फोन नम्बर, कारोवारको विवरण र सदस्यता मागको निवेदन तथा सदस्यता त्याग गरेको अभिलेख अद्यावधिक गरी राख्नेछ । कार्यक्षेत्र बाहिर बसोबास गर्ने वा अनधिकृत व्यक्तिलाई सदस्यता नदिइने र सदस्यता नदिई कारोवार गर्ने प्रवृत्तिलाई निरुत्साहित बनाई संस्थाको ख्याति बढाउने प्रयास समितिले गर्नेछ ।

१९. थप शेयर खरिद गर्न सक्नेः

(१) संस्थामा आवद्ध शेयर सदस्यले संस्थाको कारोबारका सिलसिला शेयर बचत र ऋणको अनुपात कार्य गर्ने प्रयोजन वा संस्थाको पुँजी वृद्धि गर्न आवश्यक ठानी समितिले निर्णय गरेको वा कुनै विशेष प्रकारका परियोजना संचालनका लागि **सदस्यले** विनियमको दफा १७ को उपदफा ३ को सीमाभित्र रही थप कित्ता शेयर खरिद गर्न सक्नेछ ।

२०. शेयरको हस्तान्तरण वा फिर्ता :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसाव जाँच पश्चात निजले पाउनुपर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरि मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा, निजको नाउमा रहेको र संस्थावाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाउँमा नामसारी गरिदिनेछ ।

(३) सदस्य संस्थाको कार्यक्षेत्र भन्दा बाहिर बसाई सरि गएको अवस्थामा आफ्नो शेयर रकम कार्यक्षेत्र भित्रै बसोबास गरी रहेको हकवाला व्यक्तीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्तिले यो प्रदेश सहकारी ऐन,२०७६(ससोधन सहित) प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो संस्थाको सदस्यता त्यागी कुनै एक संस्थाको मात्र सदस्यता लिनुपर्नेछ ।

२१. प्रवेश शुल्क :

सदस्यताको प्रकिया अघि प्रवेश शुल्क रु.१००।- (पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

२२. कृत्रिम छेकवार नलगाइने :

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक शेयरको वा दफा २१ बमोजिम बुझाउनु पर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रुपमा अघि र अहिलेको हिसाव मिलाउने वा अन्य कुनै प्रकारको सम्पत्तिको निहुँमा खुल्ला सदस्यताको सर्बमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकवार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

२३. शेयरको प्रमाणपत्रः

संस्थाले सदस्यहरुलाई शेयर खरिद गरे वापत अनुसूची-२ बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु. १००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

२४. सदस्यको दायित्व सीमित हुनेः

(१) सदस्यको दायित्व आफूले लिएको शेयर कित्ता रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियम तथा विनियमको अधीनमा रही जारी गरिएका आन्तरिक कार्यविधिको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

परिच्छेद : – ५ (पाँच)
संस्थाको सभा र कार्य संचालन विधि

२५. प्रारम्भिक साधारण सभा :

(१) तदर्थ संचालक समितिले संस्था दर्ता भएको मितिले तीन महिनाभित्र संस्थाको प्रारम्भिक साधारणसभा सम्पन्न गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारण सभा बोलाईदिन प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको कार्यालयमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि रजिष्ट्रारले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारण सभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

- (क) तदर्थ संचालक समिति भङ्ग गरी सभाको सभापतिको चयन गर्ने ।
- (ख) अघिल्लो दिनसम्मको संस्थाको काम कारवाहीको हर हिसावको जानकारी लिने ।
- (ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियममा भएको व्यवस्था बमोजिम बनेको निर्वाचन समितिले विनियममा उल्लेख भए बमोजिम पदाबधि रहने गरी संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ङ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२६. वार्षिक साधारण सभा :

(१) संस्थाका सम्पूर्ण शेयर सदस्य भएको एउटा साधारण सभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिनाभित्र संचालक समितिले वार्षिक साधारण सभा बोलाउने छ ।

(२) उप दफा (१) बमोजिम वार्षिक साधारण सभा नबोलाईएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा वोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र रजिष्ट्रार वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा वोलाएमा सभा संचालनमा चाहिने सम्पूर्ण सहयोग एवंम आर्थिक दायित्व संस्थाबाट व्योहोरिने छ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउंदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा तिस (३०) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य संचालक समितिले निर्वाह गर्नेछ । यस्तो सूचना बढी बिक्री हुने स्थानीय पत्रिका, राष्ट्रिय दैनिक पत्रिका एवं सामाजिक संजाल र सार्वजनिक सूचनाका माध्यमबाट प्रकाशित गरिनेछ साथै पत्रचार समेत गरी सदस्यहरुलाई सूचना दिइनेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही सुरु हुनेछ ।

(५) पहिलो पटक गणपूरक संख्या नपुगी दोस्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तीमा ७ दिनको अर्को सूचना दिनु पर्नेछ । त्यसरी बोलाइएको सभाको गणपुरक संख्या संचालक समितिको बहुमत उपस्थिती सहित कुल सदस्य संख्याको एक तिहाइ सदस्यहरु उपस्थित हुनु पर्नेछ ।

(६) वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिने छ । मत बरावर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

२७. विशेष साधारण सभा :

(१) संस्थाको विशेष साधारणसभा देहायको अवस्थामा ३५ दिनको सूचना दिई संचालक समितिले बोलाउन सक्नेछ । सूचना गर्ने प्रक्रिया नियमित साधारण सभा झैं अवलम्बन गरिनेछ :-

(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरीक्षकले पर्याप्त कारण देखाई संचालक समिति समक्ष सुझाव पेश गरेमा वा

(ख) लेखा सुपरिवेक्षण समितिले यथेष्ट कारण समेत खोली समितिलाई लिखित सुझाव पेश गरेमा वा

(ग) कुनै संचालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउन माग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा

(घ) संस्थाको तत्काल कायम रहेको सदस्यको १५ प्रतिशत संख्याले पर्याप्त कारण देखाई संचालक समिति समक्ष निवेदन दिएमा वा

(ङ) संचालक समितिले कुनै विषयमा तत्कालै निर्णय लिन साधारण सभा डाक्न मनासिब देखेमा ।

(२) विशेष साधारण सभाका लागि गणपूरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ । तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोश्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोश्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा विशेष साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) विशेष साधारणसभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछन् ।

(४) यो सभा जुन प्रयोजनका लागि डाकिएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय गरिनेछ ।

२८. साधारण सभाको बैठक :

(१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने । गरी सम्भव भएसम्म एस.एम.एस, एफ.एम, रेडियो, पत्रपत्रिका, विद्युतीय प्रणालि, सामाजिक सञ्जाल लगायत स्थानीय संचारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरु प्रत्यक्ष उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेश गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात र वार्षिक प्रतिवेदन सदस्यहरुलाई बैठक बस्ने दिनभन्दा सम्भव भएसम्म अगावै यथासक्य उपलव्ध गराउनुपर्दछ वा सजिलै उपलव्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारण सभाको बैठकमा सामान्यतया उद्घाटनको कार्यक्रम राख्नु हुँदैन तथा सदस्यहरुलाई विचार विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्दछ ।
तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्घाटनको कार्यक्रम राख्न बाधा पर्नेछैन ।

(५) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित संचालकहरुका साथै समितिको कुल सदस्य संख्याभन्दा कम्तीमा एक जना भन्दा बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या एक हजार पाँच सय (१५००) नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा वा पायकको स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा संञ्चालक तथा लेखासुपरिवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(७) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधिहरुले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(८) साधारण सभाको बैठक बैठक संचालन कार्यविधि बमोजिम हुनेछ । सो सम्वन्धमा अन्य व्यवस्था सहकारी रजिष्ट्रारले तोकिदिए बमोजिम हुनेछ ।

२९. साधारण सभाको काम, कर्तव्य र अधिकार :

(१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

- (क) संचालक समितिका पदाधिकारीलाई हटाउने वा समिति वा लेखासमितिको विघटन गर्ने । निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमा सहभागी भई निर्धारित पदावधिका लागि संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने
- (ख) संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने ।
- (ग) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।
- (घ) मिनाहा सम्वन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने ।
- (ङ) बजेट उपर छलफल गरी पारित गर्ने ।
- (च) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृति प्रदान गर्ने । प्रगति प्रतिवेदन, वार्षिक लेखापरीक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरुमा समीक्षा गर्ने र पारित गर्ने ।
- (छ) सदस्य निष्काशन सम्वन्धमा समितिको निर्णय उपर पुनरावेदन सुन्ने र निर्णय गर्ने ।
- (ज) वार्षिक हिसाव जाँच गराउन लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
- (झ) नियमित बचत/आवधिक वचत, ऋणको किसिम र सो मा वितरण गरिने ब्याजको प्रतिशत सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने ।
- (ञ) विनियम वमोजिम बचत कोष तथा सदस्यले कारोवारमा गरेको योगदानका आधारमा संरक्षण पुँजी फिर्ता कोषबाट थप लाभांश वितरण गर्न स्वीकृति दिने ।
- (ट) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।
- (ठ) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने ।
- (ड) संस्थाको आर्थिक प्रशासन विनियम, कर्मचारी प्रशासन विनियम तथा बचत तथा ऋण कार्यविधि पारित वा अनुमोदन गर्ने तथा परिमार्जन गर्ने ।
- (ढ) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने ।
- (न) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरिक्षण प्रतिवेदन उपर छलफल गर्ने र संचालकहरुलाई निर्देशन दिने ।
- (प) अध्यक्षको राजीनामा स्वीकृति गर्ने ।
- (फ) संचालक समितिलाई मार्गदर्शन गर्ने ।
- (ब) संस्थाको विभाजन, एकीकरण, विघटन सम्वन्धी निर्णय गर्ने ।
- (भ) संस्थाको विवादित विषयहरुमा आवश्यक निर्णय लिने ।
- (म) संस्था संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थप-घट गर्ने ।

(२) संस्था बिघटन, एकीकरण वा बिभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रक्रिया पुऱ्याई गरिनेछ ।

३०. साधारण सभाको निर्णय अनिवार्य हुने:

देहायका विषयहरु साधारणसभाबाट अनिवार्य निर्णय हुनेछन् ।

१.संस्थाको विभाजन, एकीकरण र बिघटन सम्बन्धी निर्णय गर्ने ।

२. लेखापरिक्षकको नियुक्ति, पारिश्रमिक सेवा र सर्त सम्बन्धी व्यवस्था ।

३. कर्मचारी ब्यवस्थापन सम्बन्धी नियम, मापदण्ड, सुविधा तथा अधिकृत वा सो भन्दा माथिल्लो तहको पद सिर्जना गर्ने ।

४. व्यवस्थापक तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी निर्णय ।

५. संस्थाले आफ्नो प्रयोजनका लागि खरिद गर्ने घरजग्गा, अचल सम्पत्ति खरिद सम्बन्धी विषय ।

६. संस्थाको अचल सम्पत्ति, सामान विक्री वितरण र लिलाम ब्यवस्था ।

७. सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउने ।

परिच्छेद : ६ (छ)
प्रतिनिधिमूलक अङगहरु

३४. संचालक समिति :

(१) संस्थामा साधारणसभाबाट निर्वाचित ९ जना सञ्चालकहरु रहेको एउटा सञ्चालक समिति रहनेछ । समितिमा एकजना अध्यक्ष, एक जना उपाध्यक्ष बाँकी समितिका सदस्यहरु रहनेछन् । सम्भव भएसम्म सञ्चालक समितिको स्वरुप समावेशी बनाइनेछ ।

(२) सञ्चालक समितिमा उपलब्ध भएसम्म ३३ प्रतिशत महिलाहरुको प्रतिनिधित्व हुने गरी निर्वाचन कार्यविधि बनाइने छ । जसमध्ये निर्वाचन कार्यविधिमा उल्लेख भए बमोजिम महिलालाई पदाधिकारीमा निर्वाचित गर्ने व्यवस्था मिलाइनेछ ।

(३) अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा समितिको संयोजक पदमा दुई कार्यकाल भन्दा बढी अवधिको लागि निर्वाचित हुन नसक्ने ।

(४) सदस्यहरुबाट समितिको निर्वाचन तोकिए बमोजिम प्रजातान्त्रिक प्रक्रिया अनुरुप सम्पन्न गरिनेछ ।

(५) एकाघर परिवारबाट एक भन्दा वढी व्यक्ति एकै अवधिमा सञ्चालकको पदमा वहाल रहन पाउने छैनन् ।

(६) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरेसम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(७) सञ्चालकको पदावधि समाप्त हुनु अगावै नयाँ सञ्चालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदाबधि गुजारेको अवधि ३ महिना वितिसकेको भए ती सञ्चालकहरु नयाँ सञ्चालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(८) भौगोलिक आधारमा गठित यस सहकारी संस्थाको कार्यक्षेत्र भित्र बसोबास नगरी अन्यत्र बसोबास गर्न पुगेका सदस्य स्वतः सदस्यका लागि समेत अयोग्य हुने भएकाले सञ्चालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(९) वार्षिक दुई करोड रुपैया भन्दा कमको कारोबार भएको खण्डमा संस्थाको सञ्चालकले सहकारी संस्थामा कर्मचारी वा व्यवस्थापकको रुपमा काम गर्न बाधा पर्ने छैन । तर वार्षिक २ करोड भन्दा बढी कारोबार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए प्रचलित कानून बमोजिम त्यस्तो संचालकले कर्मचारी पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(१०) सञ्चालकहरुको पदावधि निर्वाचित भई सपथ गरेको मितिले ४ वर्षको हुनेछ ।

(११) कुनै सञ्चालकको पद कुनै कारणबाट रिक्त भएमा सो रिक्त पदको पूर्ति बाँकी अवधिको लागि उप-निर्वाचनबाट गरिनेछ ।

(१२) नयाँ समितिको निर्वाचन नभएसम्म सविककै समितिले विनियममा व्यवस्था भए वमोजिम संस्थाको कार्य सञ्चालन गर्नेछ ।

३५. समितिको काम, कर्तव्य र अधिकार :

सदस्यहरुको हितलाई ध्यानमा राखी समितिले देहाय वमोजिमका कार्यहरु गर्नेछः-

(१) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

(२) निर्धारित मापदण्डका आधारमा सदस्यता विस्तार गर्ने वा खारेज गर्ने ।

(३) संस्थाको स्वीकृत विनियम एवंम बचत र ऋण परिचालन निर्देशिकाको अधिनमा रही सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघबाट ऋण लिने ।

(४) बचत र ऋण परिचालनका लागि बचत तथा ऋण निर्देशिका साधारण सभाबाट पारित वा अनुमोदन गराई लागू गर्ने ।

(५) कारोवारका हरहिसाव अध्यावधिक गरी गराई सोको विवरण प्रमाणित गर्ने ।

(६) उपसमितिहरुको गठन र विघटन गर्ने ।

(७) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने र कर्मचारीहरुको तलब भत्ता एवंम सुविधा निर्धारण गर्ने ।

(८) संस्था संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यकता अनुसारका अन्य सेवा लिने सम्बन्धी निर्णय गर्ने ।

(९) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

(१०) संचालक समिति र लेखा समितिका रिक्त पदपूर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

(११) विनियममा व्यवस्था भएका प्रावधानका आधारमा प्रक्रियागत ढंगले सभा वोलाउने र सभाको उचित व्यवस्थापन गर्ने ।

(१२) साधारण सभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

(१३) साधारण सभाको प्रत्यायोजित अधिकारका आधारमा समयमै निर्धारित प्रक्रिया पुरा गरी गराई लेखा परीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाब लेखा परीक्षण गराउने ।

(१४) साधारण सभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु, बजेट तथा कार्यक्रमहरु, नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय अनुमोदन आदिको तयारी गर्ने ।

(१५) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका संचालक, लेखा सुपरिवेक्षण

समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्था गर्ने ।

(१६) पदाधिकारी एवंम् कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवंम् अध्ययन भ्रमणको कार्यक्रम बनाउने साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाउने ।

(१७) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवंम् कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम बनाउने

(१८) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवंम् कामको बाँडफाँड गर्ने ।

(१९) संचालक समितिको एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय ऋण लगानी उप समिति गठन गर्ने, अन्य सदस्यहरु शेयर सदस्यमध्येबाट सकेसम्म विषय बस्तुमा दखल राख्ने व्यक्तिहरु मनोनयन गर्ने । यसै आधारमा अन्य उपसमितिहरुको समेत निर्माण गर्ने ।

(२०) संस्थाको चल अचल सम्पत्ति खरीद बिक्री गर्ने निर्णय गर्ने गरी साधारणसभामा पेश गर्ने ।

(२१) कार्यक्षेत्रभित्रका अन्य सहकारी संघ संस्थाहरुसँग सहकार्य गर्ने तथा विशिष्टिकृत सहकारी संघ निर्माण गर्न पहल कदमी गर्ने ।

३६. <u>समितिको बैठक</u> :

(१) संस्थाको कार्य संचालनको लागि समितिको वैठक प्रत्येक महिना अध्यक्षले तोकेको स्थान र समयमा हुनेछ । **समितिको दुई बैठक बीच ४५** दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वयमले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिव/प्रबन्धक/व्यवस्थापकले समितिको वैठक बोलाउनेछ ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थित नभएको हकमा सदस्यहरुको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफलका विषय माथि निर्णय गर्न सक्नेछ ।

(३) समितिका एकाउन्न (**५१**) प्रतिशत संचालकहरु बैठकमा उपस्थित भए बैठक संचालनका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तिमा ५ जना संचालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

३७. <u>लेखा सुपरीवेक्षण समिति</u> :

(१) साधारण सभाद्वारा निर्वाचनको प्रक्रियाबाट एकजना संयोजक, २ जना सदस्य भएको ३ जनाको लेखा सुपरिवेक्षण समितिको गठन हुनेछ । निर्वाचित भई सपथ गरेको मितिले ४ वर्षको हुनेछ ।

(२) संस्थाको सदस्यता लिएको कम्तिमा ३ वर्ष पुरा भएको, संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको तथा संस्थालाई बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको शेयर सदस्यहरु लेखा समितिको पदमा निर्वाचित हुन उम्मेदवार बन्न पाउने छन् ।

(३) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरुको पदावधि तथा रिक्त पदपूर्ति व्यवस्था सञ्चालक सरहको हुनेछ ।

(४) लेखा समितिको वैठक कम्तीमा मासिक रुपमा बस्नेछ यदि सम्भंव नभए चौमासिक रुपमा अनिवार्य बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

(५) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिमको हुनेछ :

(क) संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

(ख) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन जाँच गर्ने ।

(ग) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा लेखा परीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।

(घ) लेखा परीक्षण सम्वन्धी प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

(ङ) संस्थाको ढिकुटीको चेक जाँच कम्तिमा त्रैमासिक रुपमा गर्नु पर्नेछ वा अवस्था अनुसार जुनसुकै बखत गर्न सकिने छ ।

(६) लेखा सुपरिवेक्षण समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ:

(अ) समितिको बैठक बसेको संख्या ।

(आ) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था ।

(इ) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आ.व.को तुलनात्मक आर्थिक विवरण ।

(ई) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धि एवंम कारोवारका कमजोर पक्षहरु ।

(उ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवंम संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था ।

(ऊ) संस्थाको स्वीकृत बहुउद्दश्यीय कार्यविधि एवंम अन्य आन्तरिक कार्यविधिहरुको पालनाको अवस्था ।

(ए) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।

(ऐ) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु ।

(ओ) गतवर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।

(औ) रजिष्ट्रार कार्यालय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।

(अं) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, मितव्ययिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यवसायिकता आदि पक्षको मूल्याँकन गर्ने ।

३८. सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था :

देहाय बमोजिमका अवस्थामा सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको पद रिक्त भएको मानिनेछ ।

१) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारणसभाले निजको राजिनामा स्वीकृत गरेमा

२) सञ्चालकको मृत्यु भएमा,

३) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

४) संस्थालाई जनाकारी नदिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार सञ्चालन गरेको प्रमाणित हुन आएमा,

५) कूनैपनि कारणले संस्थाको सदस्यता समाप्त भएमा,

६) साधारण सभाको बहुमतले मनासिव कारण देखाई हटाउने निर्णय गरेमा,
७) सञ्चालक समिती/लेखा सुपरिवेक्षण समितिलाई जानकारी नदिई लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित रहेको सदस्यलाई नियम अनुसार हटाउने निर्णय गरेमा ।
८) समितीको कूनै सदस्य सोहि संस्थाको कर्मचारी भई कार्य गरेमा ।

३९. उत्तरदायित्व श्रृंखला :

संस्थाको कार्य संचालनमा नियुक्त कर्मचारीहरु निर्वाचित समिति तर्फ र निर्वाचित संचालक सदस्यहरु साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व श्रृंखला कायम गरिनेछ ।

४०. संचालक समितिको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था :

निर्वाचित संचालक समितिका सदस्य तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु साधारण सभा प्रति उत्तरदायित्व हुनेछन् । संस्थामा निर्वाचित पदाधिकारी तथा सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

(क) समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने ।
(ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिको निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवंम उचित प्रयोगको व्यवस्था मिलाउने ।
(घ) संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।
(ङ) संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्ने ।
(च) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।
(छ) समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।
(ज) साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।
(झ) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जाँचवुझ, निरीक्षण गर्ने, गराउने ।
(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।
(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।
(ठ) विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।
(ड) सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम, सम्वन्धित नगरपालिका, प्रदेश सहकारी रजिष्टारको कार्यालय तथा सहकारी विभागका निर्देशनहरुको पालना गर्ने गराउने ।
(ढ) सहकारी संस्थाको लागि अनुगमन नियमन गर्नका लागि अख्तियारी प्राप्त गरेका नेपाल सरकारका अन्य निकायहरु जस्तै नेपाल राष्ट्र बैक, सहकारी विभाग वा प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय वा सहकारीका सम्बन्धित विषयगत वा जिल्ला सहकारी संघ वा केन्द्रीय सहकारी संघहरुबाट गरिने

अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवंम प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अध्यक्षको काममा सहयोग पुर्‍याउने ।

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) साधारण सभाबाट निर्णय गर्नुपर्ने कुनै विवादास्पद निर्णयहरु भएमा पुनः छलफल तथा निर्णयका लागि बैठकमा पेश गर्ने ।

(च) अध्यक्षको निर्देशन अनुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने र बैठकद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(छ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने राख्न लगाउने,

(ज) साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवारसंग सम्वन्धित विवरण उपलब्ध गराउने ।

(झ) संस्थाको हिसाव आ.ले.प. गराउनका लागि व्यवस्था मिलाउने ।

(ञ) साधारण सभा र समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ट) अध्यक्षले तोकेका अन्य क्रियाकलापहरु गर्ने गराउने ।

(५) सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

(क) संचालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।

(ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुर्‍याउने ।

(ग) निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने

(घ) बैठकबाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने ।

(ङ.) सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियम र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।

(च) संस्थासँग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधिको रुपमा सदस्यहरुको हित प्रबर्द्धन हुने काम गर्ने गराउने ।

४१. <u>व्यवस्थापकको नियुक्ति सम्वन्धी व्यवस्था :</u>

संस्थाको व्यवस्थापक तथा कर्मचारीहरुको नियुक्ति सम्वन्धी व्यवस्था मानव संसाधन व्यवस्थापन कार्यविधि अनुसार हुनेछ ।

४२. <u>व्यवस्थापकको काम, कर्तव्य र अधिकार :</u>

(१) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गर्ने,

(२) संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवंम विवरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(३) साधारणसभा, समितिका सवै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(४) वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(५) समिति र साधारणसभाका बैठकहरुको विषय सूचि तयार गर्ने,
(६) संस्थाका सदस्यहरुलाई शैक्षिक एवंम तालिम कार्यक्रमहरुको योजना बनाई शिक्षा उपसमिति मार्फत संचालन गर्न सहयोग पुऱ्याउने,
(७) साधारण सभाको अधिवेशन र समितिका बैठकको कार्यसूची तयार पार्ने, सूचना निकाल्ने, बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेख्ने र सदस्यहरुलाई निर्णयहरु पठाउने।
(८) संस्थाका सवै कर्मचारीहरुको कामकारवाहीहरु सुचारु रुपमा संचालन गराउने र कर्मचारी बीच समन्वय गर्ने,
(९) समितिले तोकेका कामहरु गर्ने गराउने,
(१०) समितिप्रति उत्तरदायी हुने,
(११) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

४३. **विशेष जिम्मेवारी**

साधारण सभा वा संचालक वा व्यवस्थापक र अन्य कर्मचारीहरुलाई यस विनियममा उल्लेखित कार्य बाहेक विशेष कार्यहरु सम्पादन गर्नु गराउनु पर्ने भएमा आन्तरिक कार्यविधिमा उल्लेख भए बमोजिमको विशेष जिम्मेवारी प्रदान गर्नेछ ।

४४. **कर्मचारीको नियुक्ति तथा सेवाको शर्त :**

(१) संस्थाको संचालक समितिबाट स्वीकृत भै साधारण सभाबाट अनुमोदित मानव संसाधन सम्वन्धी आन्तरिक कार्यविधि अनुसार कर्मचारीको नियुक्ति र सेवाको शर्त तोकिनेछ ।
(२) समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वच्छ एवंम प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवंम अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु र बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक विनियम साधारण सभाबाट अनुमोदन गराई लागू गर्नेछ ।
(३) कार्यकारी प्रमुख/संस्था प्रमुख/व्यवस्थापकको कार्य अवधि ४ वर्षको हुनेछ, कार्य सम्पादन मूल्याँकनको आधारमा संचालक समितिलाई उपयुक्त लागेमा थप १ कार्यकालका लागि नियुक्ती हुन सक्नेछ ।

परिच्छेद : ७ (सात)
संस्थाको पुँजी परिचालन सम्वन्धी व्यवस्था

४५. **संस्थाको कोष :** (१) संस्थामा एक पुँजीकोष हुनेछ । जसमा देहायका रकम जम्मा गरिनेछ :
क) प्रवेश शुल्कको रकम,
ख) शेयर पुँजीको रकम,
ग) बचत निक्षेपको रकम,
घ) संस्थाले प्राप्त गर्ने ऋण रकम,
ङ) संस्थाले भुक्तानी दिनुपर्ने रकम,
च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उपलव्ध गराएको अनुदानको रकम,
छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय दातृ निकाय, गैह्रसरकारी संघसंस्थाबाट प्राप्त अनुदान रकम,
ज) संस्थाले लगानी गरेको ऋणबाट प्राप्त व्याज रकम,
झ) विलम्व शुल्क र हर्जना रकम,
ञ) प्रशासनिक शुल्कको रकम,

ट) अन्य स्रोतबाट प्राप्त रकम

(२) **वैदेशिक** अनुदान रकम प्राप्त गर्न नेपाल सरकारको पुर्व स्वीकृति लिइनेछ ।

४६. कोषको सुरक्षा :

संस्थाले कोषको सुरक्षा देहाय बमोजिम गर्नेछ ।

(१) एउटै मात्र बैकमा १० प्रतिशतभन्दा बढी तरल रकम जम्मा गरिनेछैन ।

(२) भल्ट, काउण्टर र मार्गस्थलको बिमा गरिनेछ ।

(३) जोखिमको पूर्व अनुमान नगरी ऋण लगानी गरिनेछैन ।

(४) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(५) उपदफा (४) मा उल्लेखित अवस्था वाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(६) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून वमोजिम स्थापित बिमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षणका लागि बिमा गर्न सक्नेछ ।

४७. कोषको उपयोग :

संस्थामा जम्मा रहेको कोषलाई देहाय बमोजिम परिचालन गरिनेछ ।

(१) बचत निक्षेपको सम्पूर्ण रकम ऋण लगानी कार्यमा उपयोग गरिनेछ ।

(२) शेयरपुँजीको रकम ऋण लगानी र तरलता व्यवस्थापनमा लगाइनेछ ।

(३) जगेडाकोषको ५०% रकम संस्थाको भवन तथा भौतिक सम्पत्ति खरिदमा प्रयोग गर्न सकिनेछ ।

(४) बाह्य ऋणबाट प्राप्त हुने रकम तरलता व्यवस्थापनमा प्रयोग गरिनेछ ।

(५) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

४८. पूँजीकोष कायम गरिने

संस्थामा न्यूनतम पूँजीकोष कायम नभएसम्म लाभाँश घोषणा तथा वितरण गर्न पाइने छैन । नपुग पूँजीकोष देहाय बमोजिम पुरा गर्न सकिनेछ ।

क.सदस्यहरुबाट थप शेयर पूँजी उठाएर

ख. खुद मुनाफामध्येबाट साधारण जगेडा कोषमा सारेर ।

४९ खुद वचतको वाँडफाँड : संस्थाको वार्षिक प्रतिफल आर्थिक वर्ष समाप्ति पछिको वार्षिक लेखापरीक्षण सम्पन्न गराइ देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(१) जगेडाकोषः खुद बचतको कम्तीमा २५% रकम जगेडा कोषमा छुट्याइने छ । जगेडाकोष अविभाज्य कोष हुनेछ । संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जाँच भएपछि खुद बचतबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) सदस्यता प्रवेश शुल्क,

(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम

(२) **संरक्षित पूँजी फिर्ताकोषः** सहकारी ऐनको दफा ५५ को उपदफा (१) बमोजिम जगेडाकोषमा छुट्याइ सकेपछि बाँकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको २५ प्रतिशत संरक्षित पुँजीफिर्ता कोषमा लगिनेछ । संरक्षित पुँजीफिर्ता कोषमा छुट्टिएको रकम ऋण कारोवारमा ६० प्रतिशत हिस्सा र बचत कारोबारमा ४० प्रतिशत हिस्साका आधारमा फिर्ता गरिनेछ ।

(३) **सहकारी प्रवर्द्धन कोष :** दफा ५५ को उपदफा १ बमोजिम जगेडाकोषमा छुट्याई सकेपछि बाँकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको ०.५ प्रतिशत सहकारी प्रवर्द्धनकोषमा लगिनेछ ।

(४) **अन्य कोष :** संस्थामा जगेडा कोष, संरक्षित पुँजी फिर्ताकोष र सहकारी प्रवर्द्धन कोष छुट्याइ सकेपछि बाँकी रकमलाई सतप्रतिशत मानि देहाय बमोजिमका कोषहरु राखिनेछ

(क)	शेयर लाभांश कोष	६०%
(ख)	सहकारी शिक्षा कोष	५%
(ग)	कर्मचारी वोनस कोष	१०%
(घ)	सहकारी विकास कोष	५%
(ङ)	घाटा पूर्ति कोष	५%
(च)	अन्य जोखिम कोष	५%
(छ)	सामुदायिक विकास कोष	५%
(ज)	स्थिरिकरण कोष	५%
		१००%

(१) शेयर लाभाँश कोषबाट सदस्यहरुलाई लाभांश वितरण गर्दा शेयर पुँजीको १५% भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(२) कर्मचारी बोनस कोषवाट कर्मचारीहरुलाई वोनस वितरण गर्दा बढीमा तिन (३) महिनाको तलव बरावर भन्दा बढी हुने गरि वितरण गरिनेछैन ।

(३) शेयर लाभाँश कोष, संरक्षित पुँजीफिर्ता कोष र कर्मचारी बोनस कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

(४) संस्थाको साधारण सभाको निर्णय तथा केन्द्रीय छाता संघसँगको संझौता बमोजिम संस्थामा स्थिरिकरण कोष राख्न सकिनेछ । उक्त कोषमा कम्तीमा ५ प्रतिशत रकम छुट्याउन सकिनेछ ।

५०. लाभांश वितरण नगरिने :

(१) संस्थाले विगतको घाटा मिलान नगरी मुनाफा छुट्याइने छैन ।

(२) कुनै वर्षको शेयर लाभांश उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको शेयरको रकमको १५ प्रतिसशभन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(३) दफा (२) बमोजिम वितरण भै सो कोषमा रकम बचत भएको अवस्थामा सो रकमलाई जगेडा कोषमा सारिनेछ ।

५१. जगेडा कोषमा रकम सार्नुपर्ने : : शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, कर्मचारी बोनस कोषमा छुट्याइएको रकम साधारण सभाले स्वीकृत गरेको बर्षमा नै उपयोग वा भुक्तानी गरिसकिनेछ । उपयोग वा भुक्तानी व्यवस्था हुन नसके आर्थिक वर्षको अन्तिम दिन वा बार्षिक खाता बन्दीको समयमा ती कोषमा रहेको सबै रकम जगेडा कोषमा सारी वा खातान्तरण गरी सुन्य बनाइने छ । यी कोषमा अघिल्ला बर्षका रकम मौज्दात राखेर पछिल्ला बर्षका रकमहरु समावेश गरिने छैन ।

परिच्छेद –८
बचत/निक्षेप संकलन, ऋण लगानी, ब्याजदर र तरलता सम्बन्धी व्यवस्था

५२. बचत/निक्षेप संकलन :

संस्थाले देहाय वमोजिमको बचत सदस्यहरुवाट संकलन गर्न सक्नेछ :-

(१) सदस्यले साधारण बचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मितिदेखि संस्थामा आफूले कबुल गरेको बचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको बचत तथा ऋण नीति र कार्यविधिको अधिनमा रही तीन महिना भन्दा वढी र अधिकतम ३ वर्षमा नबढ्ने गरी आवधिक बचतको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा सदस्यले प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण बचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था बचत तथा ऋण नीति कार्यविधिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले बचत/निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित रही गर्नेछ ।

(५) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गरिनेछैन ।

(६) संस्थाले आन्तरिक कार्यविधिमा उल्लेखित सबै प्रकारका बचत खाताहरु संचालन गर्नेछ ।

५३. बचत संकलन गर्न नसक्ने :

(१) संस्थाले संस्थाको प्राथमिक पुंजीकोषको बढीमा १५गुणा सम्म मात्र सदस्यबाट बचत संकलन गर्न सक्नेछ ।

(२) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्नेछैन ।

(३) संस्थाले गैह्र सदस्यसँग बचत तथा ऋणको कारोवार गर्नेछैन ।

(४) संस्थाले सहकारी बैंक र सहकारीका संघहरु वाहेक प्राकृतिक व्यक्ति तथा गैर नाफामूलक कानूनी व्यक्तिसँग मात्र बहुउद्देश्यीयको कारोवार गर्नेछ ।

५४. बचत संकलन सीमा :

(१) संस्थाको बचत संकलन सीमा प्राथमिक पुँजीकोषको बढीमा १० प्रतिशतसम्म मात्र सदस्यबाट बचत संकलन गर्न सक्नेछ ।

५५. ऋण दिन सक्ने : संस्थाले आफ्ना देहायको योग्यता पुगेका शेयर सदस्यहरुलाई कर्जा प्रवाह गर्न

सक्नेछ ।

(१) शेयर सदस्य बनेको कम्तीमा तीन महिना अवधि भुक्तान भै सन्तोषजनक कारोवार गरेको सदस्य ,

(२) साहूको दामासाहीमा नपरेको वा सामाजिक प्रतिष्ठा खराव नभएको सदस्य,

(३) संस्थाले तोके बमोजिमको साखःसूचना प्रणालीबाट बैक तथा वित्तीय संस्थाको खराव ऋणी वा कालो सूचीमा नपरेको शेयर सदस्य,

(४) संचालक समिति, लेखा सुपरिवेक्षण समिति वा ऋण उपसमितिका सदस्य भए ४९ प्रतिसत संचालकको सीमाभित्र रहेका समितिका सदस्य,

(५) कर्मचारी शेयर सदस्य भएमा कर्मचारीहरुलाई सौलियतपूर्ण ऋण प्रवाह गर्न स्वीकृत मानव संसाधन कार्यविधि वा अन्य कार्यविधिले प्राथमिकता दिएको कर्मचारी सदस्य,

(६) संस्थाले निर्धारण गरेको ऋण नीति तथा कार्यविधिले प्राथमिकता दिएका क्षेत्रमा लगानी गर्न तोकिएको स्वपुंजीको हिस्सा लगानी गर्न सहमत भएको सदस्य,

(७) संस्थाले विगतमा दिएका ऋणहरुको विश्लेषणबाट सन्तोषजनक अवस्था देखिएको सदस्य,

(८) संस्थाले ऋण विश्लेषण (५ सि ऋण विश्लेषण) प्रणालीमा उच्चतम अंक हासिल गरेको सदस्य,

(९) संस्थाले तोकेको ऋण कार्यविधिले अयोग्य नठहरिएको सदस्य ।

५६. <u>ऋण लगानीमा सीमा</u> :

(१) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नु पर्नेछ । यसरी ऋण लिन संस्थामा सदस्य भएको ९० दिन पुरा नभएको सदस्यलाई कर्जा लगानी गरिने छैन ।

(२) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिसमा ऋण प्रदान गर्नुपर्नेछ ।

(३) समितिले वचत तथा ऋण लगानी नीति र कार्यविधिको अधिनमा रही सदस्यलाई निश्चित रकम सम्मको ऋण प्रदान गर्न ऋण लगानी उपसमितिलाई अधिकार प्रत्यायोजन गर्नुपर्नेछ ।

(४) संस्थाले कुनै एक सदस्यलाई अधिकत्तम प्राथमिक पुँजीको १० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको सावाँ र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुनःऋण लगानी गर्नेछैन ।

(५) संस्थाले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा पनि ऋण रकमको साँवा व्याज मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ । तर संस्थाले औचित्यताको आधारमा सामूहिक जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एका सगोलका परिवारका सदस्यको नाममा रहेको जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गर्नेछैन ।

(७) सामान्यतः संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले एकै पटक ऋण लिन सक्नेछैनन् । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अवधिको लागि ऋण लगानी गर्न सक्नेछ ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(९) संस्थाले संचालक समिति, लेखासमिति तथा ऋण लगानी उप-समितिका पदाधिकारी एवंम कर्मचारीहरुले लिएको ऋणको विवरण प्रत्येक ४ महिनामा सम्बन्धित प्रदेश सहकारी रजिष्टार कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१०) ऋण लगानी प्रक्रियामा सदस्य एवंम पदाधिकारी बीच कुनै किसिमको विभेद गरिने छैन । लिने दिने व्याजदरमा बिभेद गरेको पाइएमा त्यस्तो बिभेदबाट संस्थालाई हानी पुर्याइएको रकम संचालकहरुबाट असुल उपर गर्नुपर्नेछ ।

(११) निक्षेप र कर्जाको व्याजदर अनिबार्य रुपले सञ्चालक समितिबाट निर्णय गराई लागू गर्नुपर्नेछ ।

(१२) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा कम्तीमा एकपटक प्रकाशित गरिने साथै संस्थाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(१३) कर्जामा समदर तथा चक्रबृद्धी व्याज लगाइने छैन ।

(१४) संस्थाबाट प्रवाहित हुने सबै प्रकारका लगानीमा कुल परियोजना लागतको बढीमा ६० प्रतिशत अंश संस्थाबाट र घटीमा ४० प्रतिशत अंश ऋण सदस्यको स्वपुँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाइने छ । सदस्यहरुलाई घर जग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कुल मूल्यको बढीमा ६० प्रतिशत मात्र लगानी गर्न सकिने छ । संस्था वा संघले कुल ऋण लगानीको २५ प्रतिशतमा नबढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नुपर्नेछ ।

(१५) रु.१० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्याङ्कनकर्ता हरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उपसमिति सदस्य र व्यवस्थापकको सामूहिक टोलीले मूल्याङ्कन गर्नुपर्नेछ ।

(१६) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रबाह गर्नेछैन ।

(१७) संस्था दर्ता हुँदाका बखत रहेका सदस्यहरु बाहेक अन्यको हकमा सदस्यको रुपमा ३ महिनासम्म संस्थामा नियमित रुपमा बचत गरेपछि मात्र कर्जा प्रवाह गर्न सकिने छ ।

(१८) साधारण सभाको स्वीकृतिमा कर्जा प्रबाह सम्बन्धी प्रशासनिक खर्चका लागि बढीमा १ प्रतिशतसम्म व्यवस्थापन शुल्क लिने बाहेक कर्जा प्रबाहका नाममा अन्य कुनै शुल्क लिएको पाइएमा सम्बन्धित सदस्यलाई फिर्ता गराउने र सञ्चालक समितिलाई सचेत गराइने छ ।

(१९) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा व्याज हिसाव गर्नुपर्नेछ ।

(२०) धितो बापतको सम्पत्ति संस्थाको नाममा दृष्टिबन्धक वा रोक्का गराइने छ । सञ्चालक वा अन्य व्यक्तिका नाममा राखिने छैन ।

(२१) संस्थाले लगानी गरेको ऋणमा ऋणीले समयमा सावाँ व्याज भुक्तानी नगरेका कारण निजको ऋणमा व्याजलाई पुँजीकृत गरिनेछैन ।

(२२) सदस्यलाई ऋण प्रवाह गर्दा संस्थामा रहेको निजको खाता मार्फत मात्र प्रवाह गर्नुपर्नेछ ।

(२३) संचालक समितिले आफु जमानी बसी कुनै पनि ऋण प्रवाह गर्न पाइने छैन ।

(२४) **आफनै वा मानो नछटिएको एकाघर परिवारको मञ्जुरीनामा लिई बाहेक प्रारम्भिक सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई गैर सदस्यको धितो रोक्का राखी अर्थात तेश्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह** गरिनेछैन ।

(२५) ऋणी सदस्यले कर्जाको दुरुपयोग गरेको पाइएमा तत्काल असुल उपरको प्रकृया अगाडी बढाइनेछ ।

५७. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :

(१) सहकारी संस्थाले संकलन गरेको सबै प्रकारका बचतको रकमलाई ऋण प्रवाह गर्ने प्रयोजन बाहेक अन्यत्र परिचालन गरिनेछैन ।

(२) संस्थामा पर्याप्त तरलता भएको अवस्थामा बाहेक सामान्यतया संघीय सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गरेको अवस्था अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, खरिद विक्री कारोवारमा लगानी गरिने छैन ।

५८. ऋणको वर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था :

(१) सक्रिय ऋण

क) भाखा ननाघेका वा भाखा नाघि ३ महिना व्यतीत नभएको ।

ख) सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण ।

(२) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ ।

क.सं.	ऋणको वर्गीकरण	भाखा नाघेको अवधि	ऋण नोक्सानी कोषको व्यवस्था
१	असल ऋण	भाखा ननाघेको **र नाघेको ३ महिना भित्रको**	१ प्रतिशत
२	कमसल ऋण	३ देखि ६ महिनासम्म भाखा नाघेको	२५ प्रतिशत
२	शंकास्पद ऋण	६ देखि १२ महिनासम्म भाखा नाघेको	५० प्रतिशत
३	खराव ऋण	१ वर्षभन्दा बढी भाखा नाघेको	१०० प्रतिशत

(३) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष साउन महिनाभित्र सम्बन्धित प्रदेश सहकारी रजिष्टार कार्यालय र सम्वन्धित पालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(४) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(५) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्नेछ ।

५९. बचत निक्षेप तथा ऋण लगानीको रकममा ब्याज, सेवा तथा नवीकरण शुल्क :

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नुपर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वाभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋण लगानीको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको अन्तर औसत ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋण नीतिमा उल्लेख भए वमोजिम ऋणको किसिममा ब्याज तोक्नुपर्नेछ ।

(५) संस्थाले बचत, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु बचत तथा ऋण नीति र आन्तरिक कार्यविधिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो बचत तथा ऋण कार्यविधि साधारण सभाबाट अनुमोदन गराई लागु गर्नुपर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित बचत तथा ऋण कार्यविधि सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) संस्थाले व्याजदर परिवर्तन गरेमा सोको विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिनभित्र सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(९) संस्थाले सदस्यहरुका बीच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्नुपर्नेछ ।

(१०) संस्थाले सरकारले तोकेको सन्दर्भ व्याजदरको पूर्ण पालना गर्नुपर्नेछ ।

(११) सदस्यले संस्थावाट लिएको ऋणको साँवा र व्याज तोकिएको अवधिमा नै तोकिए वमोजिम भुक्तानी गर्नुपर्नेछ ।

((१२) सदस्यले उपदफा (११) वमोजिम ऋणको सावाँ र व्याज भुक्तानी नगरेमा हर्जना तोकिए बमोजिमको हुनेछ ।

(१३) उपदफा (१२) मा उल्लेखित भन्दा बढी अवधिको लागि ऋण नीति र कार्यविधिमा उल्लेख भए बमोजिम विलम्ब शुल्क लाग्नेछ । तर ऋणीको आर्थिकस्तर र अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ ।

(१४) ऋणको साँवा र ब्याज भूक्तानी हुन नसकेमा ऋणीको धितो लिलामी प्रकृयाद्धार संस्थाले ऋण असुल उपर गर्नेछ ।

६०. <u>ऋण लगानी तथा देहायका प्रयोजनमा बाहेक सदस्यको शेयर रकम लगाउन नहुनेः</u>

संस्थाले सदस्यबाट संकलन गरेको शेयर देहाय बमोजिम अवस्थामा शेयर लगानी गर्ने बाहेक सदस्यलाई ऋण लगानी बाहेकको प्रयोजनमा मात्रै उपयोग गरिनेछ ।

(१) सहकारी ऐन बमोजिम गठन हुने विशिष्टीकृत सहकारी संघमा शेयर खरीद गर्न,

(२) सहकारी ऐन तथा नियम बमोजिम आफ्नो विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ, प्रदेश सहकारी संघको शेयर खरीद गर्न

(३) संघीय सरकार, प्रदेश वा स्थानीय सरकारले जारी गरेको ऋणपत्र, नेपाल राष्ट्र बैकले जारी गरेको ट्रेजरी विल खरीद गर्न ।

(४) संस्थाले व्यवसायीक परियोजना तथा घर जग्गा खरिदमा लगानी गर्न ।

६१. <u>तरलता</u> :

(१) संस्थाले कुल बचत/निक्षेप रकमको कम्तिमा **१५** प्रतिशत रकम अनिवार्य रुपमा तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, बैक मौज्दात, मुद्दति हिसाब, सरकारी ऋण पत्रमा गरेको लगानी र सहकारी बैंक तथा जिल्ला सहकारी संघ, बिषयगत जिल्ला सहकारी संघमा रहेको निक्षेप रकमलाई समेत तरल सम्पत्ति मानिनेछ ।

(३) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ ।

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय सुनसरीमा प्रत्येक ४ महिनामा पेश गर्नेछ ।

६२. निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनु पर्नेछ ।

(२) संस्थाले प्राप्त गरेको बचतको सुरक्षाका लागि बीमा, तरलता व्यवस्थापन, छाता संघ संस्थामा सदस्यता र वाह्य ऋण परिचालन गरी सुरक्षा गरिनेछ ।

(३) बचतबाट प्राप्त रकम ऋण लगानी कार्यभन्दा अन्यत्र परिचालन गरिनेछैन ।

(४) संस्थाले आफ्नो साधारण सभाबाट स्वीकृत गराई छाता संघबाट संचालित स्थिरिकरण कोषमा आवद्ध भै संघले तोकेका सर्तहरुको पालना गराई संस्थाको स्थिरताका लागि कार्य गर्न सक्नेछ ।

६३. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः

१. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रमा सदस्यता लिई ऋण कारोबारको सूचना दिनुपर्नेछ ।

२. रु १० लाख रुपैयाँभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

३. सदस्य सहकारी संस्थाले समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक ३ महिनामा अनिवार्य कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

६४. कोष संचालन गर्ने खातावहीहरुः

संस्थाको कोष संचालन गर्न देहाय बमोजिको बहीखाता राखिनेछ ।

(१) दायित्व खाता तथा त्यसका सहायक खाताहरु

(२) सम्पत्ति तथा जायदात खाता तथा त्यसका सहायक खाताहरु

(३) आम्दानी खाता

(४) खर्च खाता

(५) विद्युतीय सफ्टवेयर प्रणाली

६५. बैक खाता सञ्चालन :

संस्थाको कोष संचालन गर्न संचालक समितिका अध्यक्ष र संस्थाका कर्मचारी गरी जम्मा २ जनाको संयुक्त दस्तखतबाट बैक खाता संचालन गरिनेछ ।

६६. खाता हेर्न पाउने :

सदस्यले संस्थाको हिसाव खाताहरु जुनसुकै बखत पनि हेर्न सक्नेछ । तर व्यक्तिगत निक्षेप खाता र व्यक्तिगत ऋण खाता सम्वन्धित व्यक्तिले मात्र हेर्न सक्ने गरी व्यक्तिगत गोपनियताको हकको संरक्षण गरिनेछ ।

६७. पेश्की लिन नपाइने :

(१) संस्थाका सञ्चालक व्यवस्थापक र लेखा समितिका पदाधिकारीहरुलाई काम र पेश्की फर्स्यौट गर्नुपर्ने अवधिको समय सीमा नतोकी पेश्की दिइने छैन ।

(२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिइएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असुल उपर गराइने छ ।

परिच्छेद : ९
कारोबारको सीमाङ्कन

६९. <u>सदस्य केन्द्रीयता :</u>

(१) सहकारी संस्था सदस्यहरूका लागि स्थापना भएकाले त्यसको संचालन पनि सहकारी संस्थाका सदस्यहरूकै बलमा खडा गरिने सदस्यहरूको बुद्धिले चल्ने र सदस्यहरूकै व्यवहार उपयोगी बन्नुपर्दछ । संस्थाले सदस्य केन्द्रीयता कायम गर्न सहकारी विभागले जारी गरेको निर्देशिकाले निर्धारण गरेको कार्यविधि र प्रकृया अनुसार संस्थापकीय सरोकार, संचालकीय सकृयता वृद्धि गर्ने र संरक्षकीय सम्वर्धन स्थापना गर्नका लागि देहाय बमोजिम गरी व्यवासायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ :

(क) संस्था स्थापना र संचालनका लागि पुँजीमा सदस्यको सकृयता बृध्दि गर्न संस्थामा शेयर र अनिवार्य बचतलाई नै पुँजीको आधारको रुपमा विकास गर्ने र संस्थाले आर्जन गरेको मुनाफामा नियमानुसारको जगेडाकोष र घाटापूर्ति कोषलाई विस्तार हुने गरी खर्चमा मितव्ययिता कायम गरिनेछ ।

(ख) संस्थाको आन्तरिक पुँजी परिचालनको वृद्धि गर्नका लागि विभिन्न प्रकारका बचत कार्यक्रम संचालन गर्ने र सो पुँजीको आपूर्ति नभएसम्मका लागि वाह्य ऋणहरु समेतको परिचालन गरी सदस्यहरुको पुँजीको मागलाई पूर्ति गरिनेछ ।

(ग) संस्थाको समितिमा चुन्ने र चुनिने हकलाई सबैमा स्थापित गरिनेछ ।

(घ) संचालकीय सक्रियताको अभिवृद्धि गर्न सदस्यहरुलाई वार्षिक नीति तथा कार्यक्रम, कार्ययोजना र बजेट साधारणसभाबाट पारित गराउनु अघि अगुवा सदस्यहरुको भेला गराउने, संस्थाको नीति तथा कार्यविधिमा सदस्यहरुको सक्रियता विस्तार गरिनेछ ।

(ङ) सदस्यहरुका समूह र उपसमिति बीच संस्था सम्वन्धी अन्तरक्रियात्मक कार्यक्रमहरु गरी संस्थाको नीति निर्माणलाई सहभागितामूलक बनाइनेछ ।

(च) संस्थाले सदस्यहरुको आर्थिक विकास, सांस्कृतिक उत्थान तथा सामुदायिक विकासका लागि विभिन्न प्रकारका सदस्य केन्द्रीत कार्यक्रमहरु संचालन गरी सदस्यको अधिकत्तम सहभागिता विस्तार गरिनेछ ।

छ) बचत परिचालन सेवामा बचत संकलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरुमै सीमित गरेर,

(ज) संस्थाको विनियम, आन्तरिक कार्यविधि, निर्देशिका साधारण सभाबाट पारित हुनेछन्,

(२) संचालक समितिको बैठकमा कुनै संचालकको स्वार्थ जोडिएको विषयमा छलफल गर्दा सम्वन्धित सदस्यलाई उक्त प्रस्तावको छलफल अवधिभर बैठकमा उपस्थित गराइनेछैन ।

(३) संस्थाले गर्ने समान प्रकृतिको कारोवार गर्ने व्यक्तिलाई संस्थाको संचालक समितिमा निर्वाचित गरिनेछैन ।

(४) संस्थामा गुनासो पेटिका, सुझाव पुस्तिकामा दिइएका सुझावहरुलाई विश्लेषण गरी कार्यक्रम संचालन गरिने तथा संस्थाले दिने सेवाको विवरण उल्लेख भएको सदस्य वडापत्रको व्यवस्था गर्नेछ ।

७०. <u>स्वार्थ बाझिने निर्णय गर्न सहभागितामा प्रतिबन्ध :</u>

यस विनियम बमोजिम संस्था पदीय हैसियत र सदस्यको कारोवारसँग जोडिएका विषयले स्वार्थ बाझिएमा त्यस्ता कुनै सदस्यले निर्णयमा सहभागिता जनाउन पाउनेछैन ।

७१. कर्मचारीसँगको कारोवारमा निर्बन्धन :

संस्थाका कर्मचारी र संस्थाबीचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

७२. जोखिम मूल्याङ्गन :

(१) सम्पत्ति सुध्दिकरण ऐन, नियमावली र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७४ को व्यवस्था बमोजिम जोखिमको मूल्याङ्कन संस्थाले गर्नेछ ।

(२) संस्थाले लगानी गरेको ऋण लगानीबाट हुनसक्ने जोखिमहरुको विश्लेषणका लागि जोखिम विश्लेषण कार्यविधि बनाइ लागु गरिनेछ ।

(३) संस्थाको नगद तथा अन्य अचल सम्पत्तिको जोखिमलाई न्यूनिकरणका लागि जोखिम न्यूनिकरणका लागि पर्याप्त उपायहरु अपनाइ स्वीकृति प्राप्त कम्पनीमा बीमा गराइनेछ ।

(४) संस्थाले संस्थाको विद्यमान जोखिमलाई मूल्याङ्कन गरी आपसी सुरक्षण कोष संचालन गर्ने विशिष्टिकृत संघमा आवद्ध भै जोखिमलाई न्यूनीकरण गर्न सक्नेछ ।

७३. कारोवार नगरिने:

सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनमा व्यवस्था विपरित संस्थाबाट कसैसँग पनि कुनै कारोवार गरिनेछैन ।

७४. सम्पत्ति शुद्धीकरण सम्वन्धी व्यवस्था :

संस्थाले सम्पत्ति शुद्धीकरण सम्वन्धी व्यवस्थालाई देहाय बमोजिम व्यवस्थित गर्नेछ ।

(१) सहकारी संस्थाले सदस्यता प्रदान गर्दा निवेदकको नाम नामेसी ठेगाना र अन्य विवरणहरु स्पष्ट खुलेको आधिकारिक कागजात विना सदस्यता प्रदान गरिनेछैन ।

(२) सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशिका २०७४ को व्यवस्था बमोजिम जोखिमको मूल्याङ्कन संस्थाले गर्नेछ ।

(३) संस्थामा शेयर खरिद, बचत जम्मा, ऋणको सावाँ व्याज भुक्तानी र धरौटी वापत श्रोत र पहिचान नखुलेको कुनै पनि रकम कारोवार गरिनेछैन ।

(४) रु. १० करोड भन्दा बढिको निक्षेप वा पूँजी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाई (FIU) मा पठाउने प्रतिवेदनहरु सीमा कारोबारको प्रतिवेदन (TTR) र शंकास्पद कारोबारको प्रतिवेदन (STR) नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएको GOAML सफ्टवेयर प्रणाली मार्फत अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने र सोको जानकारी बिभागमा समेत पठाइने छ ।

(५) सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यविधिमा तोकिएबमोजिमको ढाँचामा सम्पूर्ण सदस्यहरुको सदस्य पहिचान KYM फारम सम्पुष्टिका कागजात सहित अद्यावधिक गर्ने कार्य पूर्ण रुपमा सम्पन्न गरिनेछ ।

(६) उच्च पदस्थ व्यक्तिको पहिचान सहितको अभिलेख राख्ने र जोखिम व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिने छ ।

(७) बेनामी वा काल्पनिक नाममा कारोबार गर्न नपाउने गरी वास्तविक धनी तथा हिताधिकारीको पहिचान उपाय अवलम्बन गर्ने कार्य गर्नेछ ।

(८) सदस्य पहिचान KYM सम्पुष्टि गर्न आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने वा गराएपनि पहिचान र सम्पुष्टिका आधार पुरा हुन नसक्ने व्यक्तिलाई सदस्य बनाएर कारोबार गरिने छैन ।

(९) उच्च जोखिममा रहन सक्ने सदस्यहरुको बृहद पद्धतिबाट पहिचान गर्ने ।

(१०) उच्च, मध्यम र न्यून जोखिम स्तर निर्धारण गर्ने गराउने । संस्थाले नियमित क्षेत्रगत तथा संस्थागत जोखिम मूल्याङ्कन गरी जोखिम अद्यावधिक प्रतिवेदन जोखिम सापेक्ष भए नभएको एकिन गरी अनिवार्य रुपमा तयार गर्ने ।

(११) मुद्रा मूल्य स्थानान्तरण, मुद्रा मूल्य व्यवसाय, घरजग्गा व्यवसाय, बहुमूल्य वस्तु वा धातु व्यवसाय, क्यासिनो व्यवसाय, मेनपावर व्यवसाय जस्ता संवेदनशील पेशा व्यवसायमा संलग्न सदस्यहरुको विशेष नियमन, सुपरिवेक्षणको व्यवस्था सहित यस्तो कारोबार गर्ने सदस्यलाई उच्च जोखिममा जोखिम व्यवस्थापन गर्नेछ ।

(१२) सीमा कारोबारका सदस्यसँग स्रोत खुलासा लिने कार्य अवलम्बन गर्नेछ ।

(१३) सदस्यको उच्च जोखिम कारोबार र असामान्य कारोबारको बस्तुगत अवस्था र आधारमा सुक्ष्म अध्ययन, विश्लेषण तथा अभिलेखिकरण व्यवस्थित गर्नेछ ।

(१४) संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना, कार्यान्वयन, सुधारको आवश्यकता, प्रणालीगत विकास, जोखिमको मूल्याङ्कन र स्तराङ्कन, सदस्य पहिचान, वास्तविक धनी पहिचान र सदस्यको कारोबार सम्बन्धमा निरन्तर अनुगमन गर्ने र सो सम्बन्धमा सञ्चालक समितिको बैठकमा कम्तीमा ६ महिनाको एक पटक ऐन, नियमावली र निर्देशन बमोजिम भए गरेका काम, कारबाहीको समीक्षा गर्ने ।

(१५) सीमा कारोबार प्रतिवेदन (TTR) कारोबार सम्पन्न भएको मितिले १५ दिन भित्र अनुसूची (४) को ढाँचामा नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाई (FIU) मा नियमित पठाउने ।

(१६) सदस्यको आर्थिक कारोबार, सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ को दफा ७ (ढ) र ७ (ध) अनुसार कानूनी उद्देश्य स्पष्ट नदेखिने, जटिल, अस्वभाविक, असमान्य र उच्च आर्थिक कारोबार भएका अवस्थामा सदस्यको पहिचान विवरण KYM समेतको अध्ययन विश्लेषण गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर वा अन्य कसुरसँग सम्बन्धित हुन सक्ने शंका लागेमा वा लाग्न सक्ने मनासिव आधार भएको कारोबार वा व्यक्तिको आवश्यकता अनुसार शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन (STR), अनुसूची ५ को ढाँचामा तयार गरी कारोबार भएको ३ दिनभित्र वित्तीय जानकारी इकाई (FIU) मा नियमित पठाउने ।

(१७) संस्थाले सीमा वा शंकास्पद कारोबारको पठाइएको प्रतिवेदनको गोपनियता कायम राख्ने तथा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित अन्य प्रतिवेदन, विवरण, कागजात तथा अभिलेख आदि आवश्यक परेको बेला तत्काल फेला पार्न सकिने गरी तोकिएको अवधिसम्म सुरक्षित र व्यवस्थित गरी राख्ने ।

(१८) सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली र बिभागबाट जारी निर्देशन बमोजिमका कार्य प्रभावकारी सम्पादन गर्न संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी संस्थाको साधारण सभाबाट पारित गरी लागु गरेको हुनुपर्ने । यसरी लागु गरिएको आन्तरिक नीति, कार्यविधिलाई कार्यसम्पादनमा देखिएको आवश्यकता कार्यान्वयन, जोखिम क्षेत्र विश्लेषण आदिका आधारमा अद्यावधिक, परिमार्जन तथा संशोधन गर्दै लानु पर्नेछ ।

(१९) नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईबाट जारी सम्पत्ति शुद्धीकरण निवारण सम्वद्ध निर्देशन तथा मार्गदर्शनको पूर्ण पालना गर्ने गराउने ।

(२०) सहकारी संस्थाको साधारण सभाको बैठकमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघ संस्थालाई जारी गरिएको निर्देशन बमोजिमका कार्यहरुको कार्यान्वयन अवस्थालाई सञ्चालक समितिको तर्फबाट अध्यक्षले पेश गर्ने प्रतिबेदनमा खुलाई पेश गर्ने व्यवस्था गर्ने ।

(२१) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०७५ को दफा २१ बमोजिम रकम स्थानान्तरण (मनी ट्रान्सफर) मा अन्तरनिहित जोखिमलाई दृष्टिगत गरी जोखिम व्यवस्थापनलाई संस्थाको आन्तरिक नीति कार्यविधिले सम्बोधन गरेको हुनु पर्ने र सो अनुरुप कार्य सम्पादन गर्ने गराउने ।

(२२) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभामा पेश गर्दा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुने गरी बार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम तय गरी साधारण सभाबाट स्वीकृति गराई प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

(२३) संस्थाले सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रसँग सम्बन्धित विषयमा संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले संस्थामा काम, कर्तब्यको पालना गर्दा वा कारोबार गर्दा पलना गर्नुपर्ने सदाचार नीति तर्जमा गरी लागु गर्ने ।

(२४) संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय कारोबारको ईजाजत पत्र प्राप्त स्वतन्त्र लेखा परीक्षकबाट लेखापरीक्षण गराउदा सम्पत्ति शुद्धीकरण निवारण तथा सो सँग सम्बद्ध अन्य जोखिमको समेत लेखा परीक्षण गरे गराएको हुनुपर्ने र सो अनुसार भएको लेखा परीक्षणको प्रतिलिपि नियामक निकायमा पेश गर्नुपर्ने ।

७५. कार्यान्वयन अधिकारीको नियुक्ति :

(१) संस्थाले आफ्ना कर्मचारीहरु मध्येबाट सम्पत्ति शुद्धीकरण ऐन र सोसँग सम्वन्धित सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशिका २०७४ अनुसार कार्यान्वयन अधिकारी नियुक्त गर्नेछ । कार्यान्वयन अधिकारीले गरेको कामको व्यक्तिगत विवरणहरु संस्थाको कुनै निकाय वा पदाधिकारीहरुले माग गरे खोलिनेछैन । सम्पत्ति शुद्धीकरण सम्वन्धित विषयको समग्र छलफलमा यसले कुनै असर गर्नेछैन ।

(२) कार्यान्वयन अधिकारी परिवर्तन भए वा निजको विवरण हेरफेर भए सोको समेत जानकारी संस्थाले यथाशीघ्र पठाउनेछ .

(३) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी उल्लेखित कानूनी दायित्व पूरा गरी कार्यान्वयन गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (Compliance Officer) को भूमिकालाई प्रभावकारी बनाउन कार्यान्वयन अधिकारीको नाम, ठेगाना, ईमेल र मोवाइल, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी ईकाईमा (FIU) र सहकारी विभागमा पठाइनेछ ।

परिच्छेद १०
संस्थाको हिसावको लेखाङकन र परीक्षण सम्वन्धी व्यवस्थाः

७६. कारोवारको लेखा :

संस्थाको आर्थिक कारोवारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवंम खाता संरचना बमोजिम राखिनेछ ।

७७. संस्थाले राख्नु पर्ने बहीखाता एवंम दर्ता किताव :

संस्थाले देहाय वमोजिमको बही खाता तथा दर्ता किताव राख्नेछः-

(१) सदस्य दर्ता किताब,

(२) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु ,

(३) नगद बहीखाता ,

(४) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासँग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,

(५) शेयर दर्ता किताब,

(६) ऋण लेनदेन गरेको दर्ता किताब,

(७) बेरुजू एवंम सम्परीक्षण किताब,

(८) व्यक्तिगत खाता,

(९) सदस्यहरुको व्यक्तिगत बचत खाता,

(१०) जिन्सी दर्ता किताब,

(११) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,

(१२) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवंम खाताहरु ।

७८. आन्तरिक हिसाव जाँच सम्वन्धी व्यवस्था :

(१) संस्थाले आफ्नो हिसावलाई दुरुस्त राख्नका लागि लेखापाल, व्यवस्थापक तह, संचालक तह र आन्तरिक लेखा समिति तह गरी ३ तहको आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरिनेछ ।

(२) संस्थाको आन्तरिक लेखापरीक्षण सम्भव भएमा मासिक रुपमा र सो पनि हुन नसकेमा तिन महिनामा एक पटक अनिवार्य हुनेछ ।

(३) आन्तरिक लेखापरीक्षण सम्पन्न नभई वाह्य लेखापरीक्षण गरिनेछैन ।

(४) आन्तरीक लेखा परीक्षण गर्दा अनिवार्य रुपमा माइनुट गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७९. वार्षिक हिसाव जांच तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था :

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र साधारण सभाले नियुक्ति गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वयम् प्रस्तुत गर्न सक्नेछ ।

(३) लेखापरीक्षकको नाम र पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिनेछैन ।

(५) साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्दा संस्थामा प्रत्येक आर्थिक वर्षको लागि संस्थाले सूचिकृत गरेका रजिष्टर्ड लेखापरिक्षकहरुबाट गर्नेछ । लेखापरिक्षक नियुक्तिको जानकारी १५ दिनभित्र नियामक निकायमा दिइनेछ ।

(६) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवंम प्रचलित सहकारी कानूनको पालना गरेका छन् छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत निति तथा निर्देशिकाहरुको पालना गरेका छन् छैनन् ।

(ग) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु पर्याप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन् वा छैनन् ।

(घ) संस्थाका पदाधिकारी एवंम कर्मचारीहरुले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिँदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र सावाँ व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

८०. विद्युतीय लेखा प्रणालीको प्रयोग तथा जोखिम मूल्याङ्कनः

(१) संस्थामा विद्युतीय लेखाप्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिइनेछ ।

(२) संस्थाले प्रयोग गरेको सफ्टवेयरमा भएका कारोवारको लेखाको हरेक दिनको व्याकअप सुरक्षित गरिनेछ ।

(३) संस्थाको कारोवारका खाता तथा सहायक खाताहरु हरेक महिनाको अलग्गै हार्डकपी प्रिन्ट गरी सुरक्षित गरिनेछ ।

(४) विद्युतीय कारोवार गर्दा हुने जोखिमको मूल्याङ्कनका लागि कार्यविधिमा उल्लेखित जोखिम मूल्याङ्कनका पर्याप्त उपायहरु अपनाइनेछ ।

८१. अन्य आधारभूत कागजात :

(१) संस्थाको कारोवारसँग सम्वन्धित कारोवारका कागजातहरु, ऋण लगानी तथा असुली, कारोवारको लेखाङकन सम्वन्धी कागजातहरु प्रचलित कानून बमोजिम सुरक्षित राखिनेछ ।

(२) संस्थाका कागजातहरुलाई प्रचलित कानून बमोजिम वर्गीकरण गरी सुरक्षित राखिनेछ ।

परिच्छेद ११
प्रतिवेदन

८२. एकीकृत सूचना प्रणालीमा आवद्धता :

(१) समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित एकीकृत सूचना प्रणालीमा आवद्ध भै निरन्तर अद्यावधिकरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(२) संस्थाले यसका लागि दक्ष जनशक्ति व्यवस्थापन तथा सूचना प्रणालीका लागि आवश्यक पर्ने श्रोतको व्यवस्थापनको उचित व्यवस्था मिलाउनेछ ।
तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्‍याएको मानिनेछैन ।

८३. दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्नुपर्ने :

(१) संस्थाले हरेक महिना संस्थाको मासिक, वार्षिक प्रगति विवरण प्रचलित कानूनले तोकेको समय प्रदेश सहकारी रजिष्टार कार्यालयमा पेश गरिनेछ ।

(२) कार्यालयले समय समयमा गर्ने नियमित, सघन तथा आकस्मिक अनुगमनका सिलसिलमा माग भएका कुनैपनि कागजातहरु माग बमोजिम पेश गरिनेछ ।

(३) संस्थामा देहाय बमोजिमका प्रतिवेदनहरु तपसिलका निकायमा पेश हुनेछन् :
क) उपसमितिका प्रतिवेदन संचालक समितिमा,

ख) बार्षिक प्रतिवेदन साधारण सभामा,
ग) मासिक प्रतिवेदन दर्ता गर्ने निकाय वा अधिकारीको कार्यालयमा,
घ) विद्युतीय एकीकृत सूचना कोपोमिक्स प्रणालीमा र
ङ) सम्पत्ति शुद्धीकरण सम्वन्धी विवरण तथा प्रतिवेदन नेपाल राष्ट्र बैक वित्तीय जानकारी इकाईमा ।

(४) साधारण सभा सम्पन्न भएको १५ दिनभित्र लेखा परिक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए निर्वाचित संचालकहरुको हालसालै खिचिएको फोटो सहितको तीन पुस्ते विवरण ।

(५) प्रत्येक ४-४ महिनामा संस्थाका पदाधिकारी र कर्मचारीहरुलाई दिइएको ऋण र पेश्की रकमको विवरण ।

(६) संस्थाको स्वीकृत बचत तथा ऋण नीति, कर्मचारी प्रशासन एवंम आर्थिक प्रशासन उप-विनियमको १-१ प्रति ।

(७) सात (७) दिनभित्र व्याज दरमा गरिएको परिवर्तन र परिवर्तन गर्नु पर्नाको कारण ।

(८) तोकिए बमोजिमको समय भित्र संस्थाको अनुगमन गर्दा दिइएको सुझाव वा निर्देशनको कार्यान्वयनको प्रगति विवरण ।

(९) सहकारी संस्थाको प्रारम्भिक साधारण सभा हुनु भन्दा अगावै पूर्व सहकारी शिक्षा सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरेको जानकारी ।

(१०) प्रारम्भिक साधारण सभा भएको ६ महिनाभित्र संघको सदस्यता लिएको वा नलिएको भए सोको कारण सहितको विवरण ।

(११) आर्थिक वर्ष समाप्त भएको मितिले १ महिनाभित्र अघिल्लो आर्थिक वर्षमा थप घट भएको सदस्यताको विवरण पठाइनेछ । यस्तो विवरणमा कुल सदस्यहरु मध्ये महिला पुरुषको संख्या साथै नयाँ सदस्यता बनाइएका सदस्यहरुको बसोबास गरेको क्षेत्र उल्लेख गरिनेछ ।

(१२) सहकारी विभाग वा प्रदेश सहकारी रजिष्टारको कार्यालयले माग गरेको अन्य विवरण ।

८४. **वित्तीय जानकारी एकाइमा प्रतिवेदन :**

(१) सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रुपमा निर्धारित समयभित्रै पठाइनेछ ।

(२) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी दायित्व पूरा गरी कार्यान्वयन गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (Compliance Officer) को भूमिकालाई प्रभावकारी बनाउने, कार्यान्वयन अधिकारीको नाम, ठेगाना, ईमेल र मोवाइल, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी ईकाईमा (FIU) र सहकारी विभागमा पठाइनेछ ।

८५. **साधारण सभामा जानकारी गराउनुपर्ने :**

अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त बेहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुपर्नेछ :

(क) संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैकबाट भएका निर्णयहरु,
(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैह्रवित्तीय सहयोगको रकम वा प्रतिवद्धता र
(ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाव, टिप्पणी वा निर्देशन वा जारी मापदण्ड, निर्देशिका वा नीतिहरु ।

८६. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाको अधिकारः

(१) संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोवारका बारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु संचालक र व्यवस्थापकको कर्तव्य हुनेछ ।

(२) अन्य सदस्यहरुको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवंम थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक एवंम कर्मचारीहरुले सहयोग पुर्‍याउने छन् ।

परिच्छेद १२
निर्वाचन सम्वन्धी व्यवस्था

८७. संचालक समिति र लेखा समितिको निर्वाचन :

संस्थाको संचालक समिति र लेखा सुपरिवेक्षण समितिको गठन निर्वाचन प्रकियाबाट हुनेछ । आफ्नो कार्यकाल समाप्त हुनुअघि संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गराउनु पर्नेछ । निर्वाचन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) संस्थाको विनियमको अधिनमा रही संचालक समिति र लेखा समितिको निर्वाचन गर्न संचालक समितिले पदावधि सकिनुभन्दा कम्तीमा ३० दिन अगावै ३ सदस्यीय निर्वाचन उप-समिति गठन गर्नेछ ।

(२) नियामक निकायबाट प्रतिनिधि माग नगरिएको वा गरिएको भए तापनि नियामक निकायबाट प्रतिनिधि नखटाइएकोमा समितिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत कर्मचारी, विद्यालयका बहालवाला स्थायी शिक्षक वा नेपाल बार एसोसियसनको सदस्य रहेको कानून व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजक नियुक्त गर्न सक्नेछ ।

(३) निर्वाचन उप समितिले विनियममा भएको व्यवस्था बमोजिम संचालक समिति र लेखा समितिको पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रियाबाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन उप समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवंम मनोनयन फारम साथ उम्मेदवारले पेश गरेका आवश्यक प्रमाणहरु सिल गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालक समितिको अध्यक्षको हुनेछ ।

(५) निर्वाचन उप समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र

सपथ ग्रहण गराउनेछ

(६) निर्वाचन उप समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन स्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

(७) कुनै सदस्य संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा मनोनयन पत्र साथ देहायका विवरण खुल्ने स्वघोषणा पत्र पेश गर्नुपर्नेछः

क) प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको,

ख) कर्जा कारोवारमा अनियमितता नगरेको,
ग) संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,
घ) संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र
ङ) संस्थाको स्वीकृत कार्यक्षेत्रभित्र बसोबास गरी रहेको ।

(८) एकाघर परिवारबाट एक भन्दा बढी व्यक्ति एकै अवधिमा संचालकको पदमा बहाल रहन पाउने छैनन् ।

(९) संचालकको पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदाबधि गुजारेको अवधि ३ महिना बितिसकेको भए ती संचालकहरु नयाँ संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(१०) सदस्यताका लागि आवश्यक पर्ने योग्यता नभएका व्यक्ति संचालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(११) कुनै दावी विरोध परी विवरण झुठा ठहरेमा निर्वाचन समितिले मनोनयन रद्द गर्नेछ ।

(१२) संचालक समिति वा लेखा समितिको रिक्त पद निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमबाट मात्र पूर्ति गर्न सकिनेछ । यसरी निर्वाचित पदाधिकारीको पदाबधि बाँकी अवधिको लागि मात्र हुनेछ । सम्पूर्ण समिति भङ्ग गरिएको अवस्थामा भने निर्वाचित पदाधिकारीको पदाबधि विनियम बमोजिम पूर्ण अबधिको हुनेछ ।

(१३) निर्वाचन उप समितिलाई तोकिएको पारिश्रमिक उपलव्ध गराइनेछ ।

(१४) निर्वाचन सम्वन्धी अन्य व्यवस्था संस्थाको निर्वाचन सम्वन्धी आन्तरिक कार्यविधिमा व्यवस्थित भए बमोजिमको हुनेछ ।

८८. रिक्त स्थानका लागि उपनिर्वाचन सम्वन्धी व्यवस्था :

संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको कुनै पद रिक्त रहन गएमा बाँकी अवधिका लागि रिक्त उप-निर्वाचनको प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

८९. शपथ ग्रहण :

संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूचि-३ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

९०. समितिका सदस्यहरु अवैतनिक हुने :

(१) समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन ।

(२) संस्थाले समितिका पदाधिकारी वा सदस्यलाई निश्चित कार्य जिम्मेवारी दिई त्यस काम बापत कुनै आर्थिक सुविधा प्रदान गरेमा त्यस सुविधालाई बेतन मानिने छैन ।

(३) समितिका पदाधिकारी वा सदस्यले प्राप्त गर्ने आर्थिक सुविधा सम्वन्धी अन्य व्यवस्था आर्थिक कार्यविधिमा व्यवस्थित भए बमोजिमको हुनेछ ।

परिच्छेद :१३ (तेह्र)
संस्था एकीकरण, विभाजन, विघटन र दर्ता खारेज सम्वन्धी व्यवस्था

९१. एकीकरण गर्न सकिने :

समान उद्देश्य, समान वा असमान कारोवार गर्ने कार्यक्षेत्र मिल्दा कार्यक्षेत्रमा कार्यरत संस्थाबीच एकीकरण गर्न सकिनेछ । संस्था एकीकरण, स्वावलम्वन, पारस्पारिकता र सामूहिक वन्धनमा

आधारित सहकारीका मान्यता अनुसार हुनेछ । संस्था एकीकरण सम्वन्धी प्रक्रिया प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६ र सहकारी विभागको निर्देशन र सहकारी एकीकरण सम्वन्धी आन्तरिक कार्यविधिले तोके अनुसार हुनेछ ।

९२. सहकारी संस्थाको विभाजन :

सहकारी संस्थाको विभाजन सामान्यतया हुने छैन । स्वावलम्वन, पारस्पारिकता, भौगोलिक अवस्थितिले प्रतिकुल बनाएको अवस्थामा संस्थाको विभाजन हुन सक्नेछ । संस्थाको विभाजन आन्तरिक कार्यविधिले तोके अनुसार हुनेछ ।

९३. संस्था एकीकरण र विभाजन सम्वन्धी निर्णय :

संस्थाको एकीकरण र विभाजन सम्वन्धी निर्णय संस्थाको **सम्पूर्ण सदस्यको** बहुमतले पारित गरेको निर्णयबाट हुनेछ ।

९४. विघटन :

संस्था सामान्तयता विघटन हुनेछैन । देहायको अवस्थामा संस्था विघटन हुनेछ :

क) संस्थाका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संस्था विघटन गर्ने प्रस्ताव पारित गरी रजिष्टारले स्वीकृत गरेमा ।

ख) दुई वर्षदेखि कुनैपनि कारोवार नगरी निष्कृय रहेमा ।

ग) संस्थाले सहकारी ऐन, नियम, विनियमको प्रतिकूल कार्य गरेको उजुरी सहकारी रजिष्ट्रार समक्ष पुगी रजिष्टारले दर्ता खारेज गरेमा ।

९५. दर्ता खारेज :

दफा ९४ को व्यवस्था अनुसार संस्था विघटन भएको अवस्थालाई दर्ता खारेजको अवस्था मानिनेछ ।

९६. लिक्वीडेटरको नियुक्ति :

विनियमको दफा ९४ बमोजिम दर्ता विघटन वा दफा ९५ बमोजिम खारेजी भएको अवस्थामा संस्थाको विघटन वा खारेज भएको अवस्थामा रजिष्टारले लिक्वीडेटरको नियुक्ति गर्नेछन् ।

९७. लिक्वीडेशन सम्वन्धी व्यवस्था :

पचास लाखसमको सम्पत्ति भएको संस्थाको लिक्वीडेसन सम्वन्धी कार्य अघि वढाउने जिम्मेवारी रजिष्टारको हुनेछ । ५० लाख भन्दा माथिको सम्पत्ति भएको संस्थाको लिक्वीडेसन गर्न सहकारी मन्त्रालयको पूर्व स्वीकृत लिनुपर्नेछ ।

९८. लिक्वीडेशन पछि संस्थाको सम्पत्तिको भुक्तानीको प्राथमिकता :

संस्था विघटन वा दर्ता खारेज भइ लिक्वीडेशन प्रक्रियामा गएको अवस्थामा संस्थाले भुक्तानी गर्नुपर्ने दायित्वको प्राथमिकता देहाय बमोजिम हुनेछ :

क) विघटनको कामको निमित्त भएका खर्चहरु फच्छर्यौट गर्न,

ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

ग) कर्मचारीको तलब भत्ता दिन,

घ) ऋण भुक्तानी गर्न,
ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन,
च) शेयर पूँजी फिर्ता दिन,
छ) लाभाँश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पूँजीको १८ प्रतिशतका दरमा नबढ्ने गरी लाभाँश वितरण गर्न ।

९९. बाँकी रहेको सम्पत्ति सम्वन्धी व्यवस्था :

१) ऐनको दफा ७५ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बाँकी रहन गएको सम्पत्तिको उपयोग देहाय बमोजिम हुनेछ ।

२) उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संघ/संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकता क्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघठित संघ, संस्थाको कार्यक्षेत्रमा सेवा पुर्‍याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संघ, संस्था,
(ख) सो संघ, संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ,
(ग) प्रदेश सहकारी संघ ।

१००. मध्यस्थता सम्बन्धी व्यवस्था :

संस्थाको लेनदेन कारोवारको सम्वन्धमा देहाय बमोजिमका पक्ष बीच विवाद परेमा सोको निरुपणका लागि मध्यस्थता गर्ने अधिकार रजिष्टार वा रजिष्टारले तोकेको अधिकार प्राप्त अधिकारी वा नियमनकारी निकायलाई हुनेछ ।

क) सहकारी संस्था, विषयगत जिल्ला सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ बीचको विवाद,
ख) संस्था र सञ्चालक समितिका सदस्य र लेखा सुपरिवेक्षण समितिका सदस्यका बीच विवाद,
ग) संस्था र संस्थाका कर्मचारीहरुका बीचका विवाद,
घ) सञ्चालक सदस्य र शेयर सदस्य बीचका विवाद ।

१०१. मध्यस्थकर्ताको अधिकार :

विवादको विषयको निरुपण गर्न विवादका कागजातहरु, साक्षी बुझ्ने र प्रमाण झिकाउने अधिकार हुनेछ ।

१०२. अविश्वासको प्रस्ताव राख्न सकिने :

(१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधरणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) समितिको कुनै सदस्य प्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

(३) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ

परिच्छेद : १४
विविध

१०३. राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी व्यवस्थाः

संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले एक वर्षभित्र प्राधिकरण वा प्राधिकरणले तोकेको निकायमा दर्ता हुनुपर्नेछ ।

१०४. समानता र समता सम्वन्धी व्यवस्था :

संस्थाले सदस्यलाई सेवा प्रवाह गर्दा देहाय बमोजिम समानता र समतामूलक व्यवहार गर्नेछः

१) समानता : संस्थामा समानता देहाय बमोजिम कायम गरिनेछ।

क) संस्थाले सदस्यसँग कारोवार गर्दा कुनै पनि सदस्यलाई भेदभाव गर्नेछैन ।

ख) संस्थाको हितका लागि सबैले आफ्ना विचारहरु राख्ने र संस्थालाई सुधारको बाटोमा लैजान सबैलाई खुल्ला र समानता रहनेछ।

ग) सदस्यले जतिसुकै शेयर खरिद गरेको भएपनि एक व्यक्ति एक मतको अवधारणालाई मुख्य सिद्धान्तका रुपमा सदस्यहरु निर्वाचित गरिनेछ ।

घ) सदस्यको शेयर लगानी तथा कारोवारको अनुपातका आधारमा लाभांश दिने व्यवस्था मिलाईनेछ।

ङ) संस्थाको आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधिको जानकारी सबैले पाउने व्यवस्थाका लागि संस्थाले व्यवस्था मिलाउनेछ।

२) समता :संस्थाले सदस्यलाई समतामूलक व्यवहारका लागि देहाय बमोजिमका सकारात्मक विभेदको नीति लिइनेछ।

क) सदस्यमध्ये ज्येष्ठ नागरिकहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

ख) महिला सदस्यहरुका लागि लैङ्गिक समता कायम गर्ने कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

ग) आर्थिक रुपले पिछडिएको वर्ग, जात, जाति र समुदायको आर्थिक उत्थानका विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

घ) संस्थाले दिने सेवामा महिला ज्येष्ठ नागरिक, अपांङ्गता भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गरिनेछ।

ङ) युवा शक्तिलाई विशेष रुपले परिचालन विना समाज र देशको विकास नहुने कुरालाई मनन गरी उनीहरुका लागि विशेष आर्थिक तथा रोजगारीका सेवाहरु संचालन गरिनेछ।

१०५ . बाँकी बक्यौता असुल उपर गर्ने :

सदस्यले संस्थावाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असुल उपर गर्नेछ । संस्थाले रकम असुल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्वन्धित ऋणी सदस्यबाट नै असुल उपर गरिनेछ । असूल उपरको कारर्वाही गर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम सम्बन्धित सदस्यलाई फिर्ता गरिनेछ।

१०६. ऋण मिनाहा :

संस्थाले असुल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरी साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । संस्थाको सम्पुर्ण सदस्यहरुको दुइ तिहाइ बहुमतको निर्णयवाट मात्र यस्तो निर्णय कार्यान्वयन हुन सक्नेछ।

१०७. आर्थिक वर्ष :

(१) संस्थाको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मको अवधिलाई मानी गणना गरिनेछ ।

(२) समितिले संस्थाको कारोवारको आर्थिक विवरण आर्थिकवर्ष समाप्त भएको मितिले बढीमा ३ महिनाभित्र स्वीकृत लेखा परीक्षकबाट लेखापरीक्षण गराई प्रमाणित गरी साधारण सभामा पेश गर्नुपर्नेछ ।

१०८. विनियम संशोधन वा पुनर्लेखन सम्वन्धी व्यवस्था :

(१) संस्थाको कुल सदस्यको बहुमतको निर्णयबाट संस्थाले आफ्नो विनियम संशोधन वा पुनर्लेखन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संसोधन वा पुनर्लेखन गर्नु अघि समितिले विनियम संसोधन वा पुनर्लेखन समिति गठन गरी मस्यौदा पेश गर्ने व्यवस्था मिलाउनेछ ।

(३) उपदफा (२) बमोजिमको समिति गठन भएपछि संसोधनका लागि रजिष्टार कार्यालयबाट सैद्धान्तीक सहमति लिइनेछ ।

(४) यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम सहकारी रजिष्टारको कार्यालयमा पेश गरी रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृति दिएपछि लागु हुनेछ ।

१०९. कार्यविधि, निर्देशिका बनाउन सक्ने :

संचालक समितिले संस्था संचालनका लागि आवश्यक आन्तरिक कार्यविधि र निर्देशिका निर्माण गरी साधारण सभाबाट पारित गरी जारी गर्नेछ ।

११०. घर जग्गा खरिदः

संस्थाको स्थायित्व र सदस्यहरुमा विश्वसनीय वातावरण निर्माणका लागि संस्थाले देहायको प्रक्रिया पुरा गरी घरजग्गा खरीदको व्यवस्था मिलाउने छ :

(१) संस्थाको आन्तरिक कार्यविधिमा उल्लेखित विधि र प्रक्रिया पुरा गरी संस्थाको कार्यालय एवंम कारखाना वा गोदाम प्रयोजनका लागि घर जग्गा खरिद गर्दा संस्थाको कोष विश्लेषण अनिवार्य रुपमा गरिनेछ ।

(२) सम्पत्ति खरिद तथा बिक्रीको लागि साधारण सभाको स्वीकृति लिइनेछ ।

(३) अनुत्पादक सम्पत्ति खरिद गर्न सदस्यबाट संकलित बचत रकमको प्रयोग गरिने छैन । साधारण सभामा सदस्यहरुको स्वीकृति लिएर घर जग्गा खरिद गरी संस्था प्रति जनविश्वास बढाउन छुट्टै कोष सिर्जना गरी खरिद प्रक्रिया अघि बढाउन सकिने छ । त्यस्तै विविध कोषहरुको प्रयोग एवंम संकलित शेयरको केही अंश प्रयोग गरी घर जग्गा खरिद गर्न सभाको निर्णय बमोजिम समितिले आवश्यक पहल गर्नेछ ।

(४) खरिद तथा प्राप्ति प्रक्रियामा पारदर्शीता कायम गर्न संस्थाको आर्थिक कार्यविधिले निर्धारण गरेको प्रक्रिया पूरा गरी खरिद गर्ने व्यवस्था अपनाइनेछ ।

(५) यस्तो अनुपातको अंश बहुउद्देश्यीय सहकारी संस्थाको हकमा जगेडा कोषको ५० प्रतिशत र पुँजीकोषको अनुपात १:१५ कायम गरी थप पुँजी निर्माण गरेर मात्र घर जग्गा खरिद गरिनेछ ।

(६) माथि उल्लेखित व्यवस्थाअनुसार घर जग्गा खरिद गर्दा रजिष्ट्रेशन छुट सुविधाका लागि

साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि पर्याप्त जगेडा कोष वा शेयर पुँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात प्रचलित मूल्य कायम हुने कागजात, सञ्चालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिई खरिद गरिएको घर जग्गाको विवरण पेश गरिने छ ।

(७) छुट सुविधामा खरिद गरिने घर जग्गा संस्थाको कार्यालय पसल गोदाम र मेसिनरी जडान एवंम प्रमुख उद्देश्य अनुरुपको लागि काम गर्नका लागि मात्र हुने छ । उद्देश्य बिपरीतको कार्यमा छुट सुविधामा खरिद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजश्व सरकारी वाँकी सरह असुल उपर हुनेछ ।

१११. <u>ऋण कर्जा लिने</u> :

(१) संस्थाले धितो जमानत दिइ वा नदिई कुनै पनि सहकारी संघ संस्था, राष्ट्रिय सहकारी बैक, नेपाल राष्ट्र बैंक, युवा स्वरोजगार कोष तथा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्था वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैक तथा वित्तीय संस्थाबाट कर्जा सापटी लिन सकिनेछ

(२) यस प्रकारको कर्जा माग गर्दा साधारण सभाको निर्णय, संस्थाको आन्तरिक पुँजीको अवस्थाका आधारमा संचालक समितिले उपयुक्त निर्णयका आधारमा कर्जा लिइ आफ्ना सदस्यहरुलाई कर्जा प्रवाह गरिनेछ ।

११२. <u>स्वीकृति लिनुपर्ने</u> :

(१) संस्थाले कार्यलय प्रयोजन वा व्यवासायिक प्रयोजनका लागि घरजग्गा खरिद गर्दा रजिष्ट्रेशन छुट लिने प्रयोजनका लागि प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) घरजग्गा खरीद गर्नका लागि संस्थाको जगेडा कोषमा उपलव्ध रकमको ५० प्रतिसतसम्म मात्रै खर्च लेख्न पाइने तथा नपुग रकम शेयर र बचतबाट खर्च गर्न पाइने छैन ।

११३. <u>सूचनाको हक</u> :

संस्थाको शेयर सदस्य तथा सरोकारवालाहरुलाई सूचनाको पूर्ण हक हुनेछ र सूचना सम्वन्धी देहाय बमोजिमका व्यवस्था रहनेछन् :

१. सूचनाको खुलासा गरिनेछ तर गोप्य राखिने विषयहरु उपलव्ध गराइनेछैन ।
२. सूचना प्राप्तिको समय १५ दिनको हुनेछ ।
३. बढीमा ५ पृष्ठभन्दा कम पृष्ठ भएको सूचना माग भएमा शुल्क लाग्नेछैन । सो भन्दा बढीको सूचना माग भएमा प्रति पृष्ठ रु. ५ शुल्क लाग्नेछ ।
४. सूचना प्रमाणित गरेर उपलव्ध गराइनेछ । माग भई आएको सूचना विद्युतीय सफ्ट कपीमा उपलव्ध हुनेछैन ।
५. सूचनाको संरक्षण सूचना माग्नेले गर्नुपर्नेछ । सूचना दुरुपयोग भएमा त्यसको जिम्मेवारी माग गर्नेले नै लिनुपर्नेछ ।
६. सूचना प्रवाह गर्ने अधिकारी संचालक समितिले तोकेको व्यक्ति हुनेछ ।

११४. बिमा एजेन्सी लिन र लघुबिमा सम्वन्धी कार्य गर्नसक्ने :

१. संस्थाले बिमा ऐन बमोजिम स्थापना भएका बिमा कम्पनीहरुसंग संस्थागत एजेन्सी लिई संस्थाका सदस्यहरुलाई बिमा गराउने संस्थागत एजेन्सी लिन सक्नेछ ।

२. संस्थाले आफ्ना सदस्यहरुका लागि सदस्य र संस्थागत रकमबाट लघुबिमाका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

११५. ऐन नियमावलीसँग बाझिएकोमा अमान्य हुने :

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसँग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरु बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

(३) यस विनियममा दुविद्धा भै व्याख्या गर्नुपर्ने भएमा सोको व्याख्या गर्ने अधिकार संस्थाको संचालक समितिलाई हुनेछ ।

११६. खारेजी तथा बचाउ :

(१) यो विनियम स्वीकृत भएपछि श्री .... बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम २०६४ संसोधन सहित खारेज गरिएको छ ।

(२) श्री .... बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम अन्तर्गत भए गरेका सबै काम कारवाहीहरु यसै विनियम बमोजिम भएको मानिनेछ ।

जाँची पेश गर्ने कर्मचारीको

नाम :–

दस्तखत :–

पद :–

मिति :

दर्ता स्वीकृत गर्ने पदाधिकारी

नाम :–

दस्तखत :–

पद :–

मितिः

अनुसूचि- १

श्र.........................बचत तथा ऋण सहकारी संस्था लि.

गढी १, मधेली, सुनसरी

(विनियमको दफा २ (छ) सँग सम्बन्धित)

संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह वा छापको लोगोको यस प्रकार हुनेछ -

अनुसूची-२
(सहकारी नियमावलीको नियम २८ उपनियम (२) को खण्ड (ङ) सँग सम्वन्धित)

श्री .... बचत तथा ऋण सहकारी संस्था लि.

....

सदस्य दर्ता किताब

सि. नं.	बाबु/ससुराको नाम	पति/पत्नीको नाम	सदस्यको नाम	उमेर	ठेगाना	पेशा	खरीद गरेको शेयर संख्या	सदस्य भएको मिति	मनोनित हकवालाको नाम	उमेर	ठेगाना	दस्तखत वा सही	कैफियत

अनुसूची- ३

(विनियमको दफा २३ संग सम्वन्धित)

सदस्यता नं.............

श्री ....बचत तथा ऋण सहकारी संस्था लि.

....

मितिः...................

शेयर प्रमाणपत्र

प्रदेश सहकारी ऐन २०७६ अन्तर्गत यस संस्थाको विनियम वमोजिम श्री..को छोरा/छोरी/श्रीमान्/श्रीमती ....वस्ने श्री/ सुश्री/ श्रीमान्/श्रीमती ....ले निम्न अनुसारको शेयर खरिद गर्नु भएकोले यो प्रमाण (पत्र प्रदान गरिएको छ ।

विवरण

क्र.सं	प्रति शेयर मूल्य	शेयर संख्या	शेयर खरिद मिति	बुझाएको मिति

....
प्रमाण-पत्र पाउनेको सही

....
अध्यक्ष

अनुसूचि- ४

श्री ....बचत तथा ऋण सहकारी संस्था लि.

....

(दफा ८९ सँग सम्बन्धित)

शपथ ग्रहण

म..(शपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो विवेकले भ्याएसम्म समितिको सदस्यका नाताले सवै काम तथा वैठकहरमा निमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरीकाबाट निर्णय लिनेछु ।

पद ग्रहण गर्ने पदाधिकारीको

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

शपथ गराउने अधिकारीको

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

अनुसूची ५

श्री .... बचत तथा ऋण सहकारी संस्था लि.

....

(विनियमको दफा ९ सँग सम्वन्धित)

श्रीमान संचालक अध्यक्षज्यू,
संचालक समिति

श्री स.................ी ।

विषय : सदस्यता शेयर खरिद दरखास्त फारम पेश गरको ।

महाशय,

यस संस्थाको विनियम अनुसार शेयर खरिदको लागि निम्न बमोजिम रकम यसै निवेदनसाथ पेश गरेको छु । सदस्यता सम्वन्धमा संस्थाले गरेको निर्णय वमोजिम तथा संस्थाको वर्तमान तथा पछि वन्ने विनियमहरुको समेत पालना गरी संस्थाको सदस्य हुनको लागि इच्छुक भएकोले सदस्यता प्रदान गरी दिन हुन अनुरोध छ ।

शेयर संस्ख्या	अक्षरमा	प्रति शेयर रु. १००।- ले जम्मा रु.	अक्षरमा रुपैया
मिति		प्रवेश शुल्क रु.	अक्षरमा रुपैया
		कुल जम्मा दाखिला रकम .	अक्षरमा रुपैया

निवेदकको नाम थर :-

स्थायी ठेगाना	घर नं........मार्ग.....	वडा नं.	टोल	जिल्ला
	नगरपालिका/गा.वि.स.		पो.व.नं.	फोन नं.

पत्राचारको ठेगाना
पति/पत्निको नाम,थर, ठेगाना :
बावुको नाम /ससुराको नाम,थर, ठोगाना :
बाजे/बाजे ससुरको नाम थर, ठोगाना :
ईच्छायएको व्यक्तिको नाम :
संरक्षकको नाम (नावालकको हकमा) नाम, थर, ठोगाना :

निवेदकको ल्याप्चे

दायाँ	बांया

....

निवेदकको दस्तखत :

संस्थाको संस्थाको प्रयोजनको लागि मात्र

प्रदान गरिएको शेयर कित्ता न)................................देखि..सम्म जम्मा कित्ता ....

शेयर रबमक रु. .... प्रवेश शुल्क रु. ....द समेत जम्मा रु. ....
संचालक सर्मितिको निर्णय मिति ....

....
रुजु गर्नेको दस्तखत प्रमाणि गर्नेको दस्तखत

१. यो सदस्यता फाराम उल्लिखित विवरण प्रष्ट र सफा अक्षरमा भर्नुपर्नेछ ।
२. नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ ।
३. सदस्य वन्न न्यूनतम प्रति कित्ता रु. १००।-का दरले कम्तीमा १ कित्ताले हुने रकम रु. १००।-(एक सय मात्र) संस्थामा बुझाउनु पर्नेछ ।
४. प्रवेश शुल्क वापत रु. १००।- बुझाउनु पर्नेछ ।
५. एक प्रति पासपोर्ट साइजको फोटो निवेदनको सिरानमा टाँस्नु पर्नेछ र परिचय पत्रको लागि अटो साईजको एक प्रति फोटो निवेदनसंगै नत्थी गरी ल्याउनु पर्नेछ ।